डढेलो नियन्त्रण गरौं,
वातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
- वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ०९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 22 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३१

## उपनिर्वाचनमा जिल्ला प्रशासनलगायतको सेवा बन्द

प्रस, वीरगंज, ८ वैशाख/

जिल्ला प्रशासन कार्यालय, बाराले बारा क्षेत्र नं २ मा हुने उपनिर्वाचनको वडा कार्यालयमा मतदान केन्द्र, मतदान स्थलको व्यवस्था गरिएको हुँदा बन्द गर्नुपरेको उनले बताए । राखी शुक्रवारदेखि तीन दिनसम्म बारा जिल्लासित जोडिएका भारतीय सीमानाका बन्द गरिने भएको छ। जिल्ला



तस्वीरः प्रतीक

कारण शुक्रवारदेखि आइतवारसम्म तीन दिन जिल्ला प्रशासनबाट प्रवाह हुने सेवा बन्द गरेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले सूचना जारी गर्दै निर्वाचन तयारी, शान्ति सुरक्षा, विपद् व्यवस्थापन र मुद्दासम्बन्धीबाहेक सबै सेवा वैशाख १० गतेसम्मको लागि बन्द गरिएको जनाएका छन् ।

यसैगरी, गृह मन्त्रालयको परिपत्र अनुसार उपनिर्वाचन हुने बारा क्षेत्र नं २ का सबै सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, मतदान केन्द्र र मतदान स्थलको लागि बन्द गर्न सूचित गरिएको छ। विद्यालय, स्वास्थ्य चौकी,

यसैगरी, वैशाख १० गते हुने उपनिर्वाचनमा एम्बुलेन्स, खानेपानी, वारुणयन्त्र, दूध बोक्ने सवारीसाधन, सञ्चारकर्मी, दूरसञ्चार, शववाहन, स्वास्थ्यकर्मी, निर्वाचन आयोगबाट जारी परिपत्रवाहक, फोहरमैला, तरकारी, फलफूल, विद्युत् सेवाका सवारीसाधन, कूटनीतिक नियोगका गाडीहरू, विदेशी पर्यटक बोकेको हरियो नम्बरको प्लेट भएका सवारीसाधन र सुरक्षाकर्मीले प्रयोग गर्ने सवारीसाधनबाहेक अन्य सवारीसाधनलाई सञ्चालनमा रोक लगाइएको प्रजिअ सापकोटाले जनाएका छन् ।

यसैगरी, उपनिर्वाचनलाई ध्यानमा प्रशासन कार्यालय, बाराले सूचना जारी गरी शुक्रवार राति १२ बजेदेखि आइतवार राति १२ बजेसम्म भारतीय सीमानाका बन्द रहने प्रजिअ सापकोटाले बताए ।

बारा क्षेत्र नं २ भित्र पर्ने हुलाकी राजमार्गलगायत सम्पूर्ण राजमार्गमा वैशाख ९ गते राति १२ बजेदेखि वैशाख १० गते साँझ ७ बजेसम्मका लागि अत्यावश्यकबाहेक सम्पूर्ण आवागमन बन्द गरिएको प्रजिअ सापकोटाले बताए ।

मतदान कार्य सम्पन्न नभएसम्म जिल्लाभरि मादक पदार्थ ओसारपसार, बिक्री-वितरण र सेवनमा रोक लगाइएको प्रजिअ सापकोटाले बताए ।

## प्रदेशसभा सदस्य जयसवालविरुद्ध पक्राउ पुर्जी जारी

प्रस, वीरगंज, ८ वैशाख/

पर्सा क्षेत्र नं ३ (१) का प्रदेशसभा सदस्य प्रमोद जयसवालसमेत १४ जनाको नाममा पर्सा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ ।

ढिलो गरी प्राप्त समाचार अनुसार २०७९ असोज ९ गते सखुवाप्रसौनी गाउँपालिका कार्यालयमा भएको कुटपिट, आगजनीको घटनामा गापा अध्यक्ष यशवन्त यादवको जाहेरीको आधारमा वादी नेपाल सरकारले प्रतिवादी उपेन्द्र यादवसमेत १४ जनाविरुद्ध ज्यान मार्ने उद्योग, डाँका-चोरी र आपराधिक उपद्रव मुद्दा दायर गरेको थियो । सो मुद्दामा पर्सा जिल्ला अदालतले २०७९/११/१९ मा ३५ दिने पक्राउ पुर्जी जारी गरेको थियो ।

यो मुद्दामा उपेन्द्र यादवसहित सखुवाप्रसौनी गापा-५ का प्रदेशसभा सदस्य जयसवाल, नरेश यादव, ध्रुपलाल यादव, राज गिरी, रामबाबूप्रसाद यादव, कारीराय यादव, सन्देशकुमार यादव, प्रेमप्रसाद यादव, दीपेन्द्रराय यादव, नैनकुमारी साह, बुलेटकुमार यादव, उपेश गिरी र अनिलराउत कुर्मीविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरेको थियो। ३५ दिने पक्राउ पुर्जी जारी गर्दा प्रदेशसभा सदस्यलगायत १४ जना पक्राउ नपाउने अदालतले जारी गरेको पक्राउ पुर्जीमा उल्लेख छ ।



तस्वीरः फाइल

नपरेका कारण अदालतले हिजो बिहीवार पुनः उनीहरूको नाममा ३५ दिने पक्राउ पुर्जी जारी गरेको छ ।

यो अवधिमा आरोपितहरू आफैं वा पक्राउ पुर्जीबमोजिम पक्राउ परेर अदालतमा हाजिर हुन गएको खण्डमा उनीहरूको बेहोरा बुझी कानूनबमोजिम कारबाई हुने अन्यथा सो अवधिमा अदालतमा हाजिर नभएको खण्डमा कानूनबमोजिम हुने र त्यसको उजूर गर्न

प्रदेशसभा सदस्य जयसवालविरुद्ध यसअघि पर्सा राष्ट्रिय निकुञ्जले जरायो प्रकरणमा आरोपित ठहर गरेको थियो।

२०७९ पुस ४ गते जरायो मारेको कसूरमा पक्राउ परेका पाँचजनाको बयानको आधारमा आरक्षले दुईजना प्रदेशसभा सदस्यसहित ४९ जनाविरुद्ध फैसला गरेको थियो । सो कसूरमा जयसवाल पनि थिए ।

## हत्याको आरोपमा पति-पत्नी पक्राउ

प्रस, वीरगंज, ८ वैशाख/

बारा प्रहरीले कर्तव्य ज्यान मुद्दामा फरार दम्पतीलाई चार महीनापछि पक्राउ गरेको छ ।

बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिका-८ राजानगर बस्ने २२ वर्षीय सुरज भन्ने महेश साहको हत्यामा संलग्न वीरगंज महानगर-१५ भिस्वा बस्ने रामु भन्ने कैलाश महतो र रोशनी भन्ने हीरा देवीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

जिप्रका, बाराले जनाए अनुसार मृतक सुरज र रोशनीबीच शारीरिक सम्बन्ध कायम हुँदै आएको तर रोशनीको पहिले नै विवाह भएको कारण सुरजका घरपरिवारले विवाह गर्न स्वीकार गरेको थियो । रोशनीको पहिलो विवाहबाट एउटा छोरी रहेको र सोही कारणले सुरजको परिवारले निजसँग विवाह गर्न अस्वीकार गरेको हो। यसै क्रममा गत मङ्सिर २७ गते रोशनी र सुरजलाई रोशनीका पति कैलाश महतोले साथमा देखेका र दुईजनाबीच विवाद भएपछि रोशनी र महेश मिलेर तारले घाँटी कसेर सुरजको हत्या गरेको प्रहरीले दाबी गरेको छ ।

हत्यापश्चात् सुरजको शवलाई


पक्राउ परेका रोशनी र कैलाश । तस्वीर सौजन्यः जिप्रका, बारा

परालले छोपिएको अवस्थामा प्रहरीले बरामद गरेको र अनुसन्धानमा रोशनी र निजका पति कैलाश कसूरवार देखिएको जिप्रका, बाराले जनाएको छ। घटनापश्चात् दुवै पति-पत्नी फरार रहेका र उनीहरूको खोजतलाश गर्दा भारतको केरलामा रहेको पत्ता लागेपछि केरला प्रहरीसँग समन्वय गरिएको बारा प्रहरीले जनाएको छ ।

यसै क्रममा दुवैजनालाई नेपाल-भारत सीमानजीकबाट पक्राउ गरेको बारा प्रहरीले दाबी गरेको छ। कर्तव्य ज्यान मुद्दामा दुवैजनालाई बारा जिल्ला अदालतमा हाजिर गराइएको र सात दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिप्रका, बाराले जनाएको छ।

## विष्णु महायज्ञमा पनि दलित सहभागिता नहुने

प्रस, वीरगंज, ८ वैशाख/

वीरगंज महानगर-१८ सुखचैनामा यही वैशाख १२ गतेदेखि हुन गइरहेको मनिहारी र बहुअरीका स्थानीयहरूको सहभागिता रहने बताइएको छ ।

यसैबीच महायज्ञको अवसरमा वीरगंज-१७ अलौंमा सम्पन्न महायज्ञमा पनि दलित सहभागिता गराइएको थिएन ।


विष्णु महायज्ञस्थल र दलित समुदायसँग सम्झौता भएपछि हर्षित गाउँले । तस्वीरः प्रतीक

विष्णु महायज्ञमा दलित सहभागिता नहुने भएको छ ।

महायज्ञ आयोजक समिति, स्थानीय दलितहरू र जिल्ला प्रशासन कार्यालय, पर्साको रोहबरमा शुक्रवार भएको बैठकमा वेदी पूजामा दलित सहभागिता नगराउने गरी सहमति भएको बताइएको छ। वेदी पूजाबाहेकमा दलित सहभागिता गराउने सहमति भएको विष्णु महायज्ञ आयोजक समितिका अध्यक्ष खोभारी महतोले बताए । महायज्ञका लागि यही वैशाख १२ गते कलश शोभायात्रा निकालिने र महायज्ञमा करीब २५ लाख खर्च अनुमान गरिएको उनले बताए । महायज्ञ वैशाख १२ गते कलशयात्राबाट शुभारम्भ भएर वैशाख २१ गतेसम्म नौ दिन सञ्चालन हुने कोषाध्यक्ष छोटेलाल कुर्मीले बताए । महायज्ञमा सुखचैना, चैनपुर, लिपनी, रामपुर मुसहरी (ताजपुर), परवानीपुर, पटेलनगर, लालपर्सा, बगही, इनर्वा, जगरनाथपुर, सातोमाई मन्दिर निर्माणका लागि प्राणप्रतिष्ठा गरिने उनले बताए । प्राणप्रतिष्ठामा पनि करीब २५ लाख खर्च अनुमान गरिएको छ। यसअघि गत चैतमा

स्थानीयको दबाबपछि यस वर्ष दलित सहभागिता नगराउने, वेदी पूजाबाहेकमा सहभागिता गराउने सहमति भएको थियो ।

## पानी र आहारको खोजीमा जनावर बस्तीमा पस्दै

ओमप्रकाश चौधरी, सेढवा, ८ वैशाख/

लामो समयदेखि पानी नपर्दा पर्साका ग्रामीण भेगमा जमीनमुनिको पानीको सतह घट्दै गएको छ। जसले गर्दा यस क्षेत्रमा पानीको स्रोत कम हुनुका साथै मुहान पनि सुकेको छ ।

केही वर्षपहिले यस भेगमा आर्टिजेन जडान गर्दा स्वतः पानी आउँथ्यो तर अहिले आएर पानीको सतह घट्दा ती पनि सुकेका छन्। त्यस्तै, पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालय, पर्साको जङ्गलमा पनि पानीका मुहानहरू सुकेका छन् ।

कात्तिक, मङ्सिरदेखि गहुँ छरेको समयदेखि हालसम्म वर्षा नहुँदा समस्या भएको किसानहरूले गुनासो गरेका छन्। अहिले किसानहरूले लगाएका चैते धानबाली, मकैबाली, सुर्तीबाली तथा विभिन्न किसिमका तरकारीबालीमा सिंचाइ गर्दागर्दै किसानहरू हैरान भएको जीराभवानी गाउँपालिका-२ सेढवाका आकाश यादवले बताए। आफूले लगाएको चैते धानबालीमा हरेक तीन दिनमा बोरिङबाट सिंचाइ गर्नुपरेको उनले गुनासो गरे ।

यसैगरी, जङ्गलमा रहेका पानीको मुहान सुकेको र डढेलोका कारण जङ्गली जनावरहरू मानवबस्तीमा प्रवेश गर्ने क्रम बढेको छ । जीराभवानी गापा-१


तस्वीरः प्रतीक

शान्तिनगर निवासी रामशरण लामिछानेले दैनिकजसो जङ्गली जनावरहरू मानवबस्ती प्रवेश गरिरहेको बताए। खेतमा बाली नभएका कारण क्षति नभएको उनले बताए । बाघ, चित्तल, नीलगाई, घोडगधा, भालुलगायतका जङ्गली जनावरहरू दिउँसै मानवबस्तीमा आउने गरेको लामिछानेले बताए ।

(बाँकी पाँचौं पातामा)

**विचारसार र सूक्तिहरू**

**मनको प्रसन्नताले व्यवहारलाई उदार बनाउँछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# हाम्रा विद्यालय

**हाम्रो मुलुकमा संस्थागत विद्यालयहरू फस्टाउनुमा मुख्यत: तीन कारण छन् । सामुदायिक तथा सरकारी विद्यालयहरूले गुणस्तरीय शिक्षा दिन नसक्नु, अभिभावकमा आफूलाई उँचो देखाउन प्रतिस्पर्धा र सरकारी नीति । अधिकांश सामुदायिक विद्यालयका शिक्षकहरूमा 'सरकारी काम, कहिले जाला घाम' चरितार्थ छ । उनीहरू शैक्षिक उपलब्धिभन्दा पनि दिन बिताउनसँग मतलब राख्छन् । होइन भने, विषयगत शैक्षिक उपाधि हासिल गरेर शिक्षा आयोग पास गरेका अनि तालीममाथि तालीम गर्न भ्याएका र जागीरको प्रत्याभूति पाएका सरकारी शिक्षकले अध्यापन गराइरहेका विद्यार्थी र जागीरको ठेगान नभएका, न्यून पारिश्रमिकमा नवसिकारु शिक्षकले अध्यापन गराइरहेका संस्थागत विद्यालयका विद्यार्थीबीचको शैक्षिक स्तर किन फरक छ ? फरक हो कि होइन भन्ने कुरा परीक्षाफलले देखायो । आधारभूत, एसइई र कक्षा १२ को परीक्षा, मूल्याङ्कनको कसी हो । परीक्षामा सामुदायिक र संस्थागत दुवैतर्फका विद्यार्थीलाई एकै प्रश्न सोधिएका हुन्छन् । तर हरेक परीक्षामा अङ्क र उत्तीर्ण अनुपात संस्थागततर्फको बढी छ ।**

**मुलुकको शैक्षिक विकासमा संस्थागत विद्यालयको योगदानलाई नजरअन्दाज गर्न मिल्दैन । फेरि पनि यसैलाई भजाएर प्रचलित ऐन, कानून, नियम तथा सरकारको नीति-निर्देशनविपरीत जाने छुट कसैलाई हुँदैन । स्वस्थ प्रतिस्पर्धा, गुणस्तरीय सेवा, पेशागत तथा व्यावसायिक हित, पारदर्शिता र उपभोक्ता हित संरक्षणविपरीत कोही जान नपाऊन् भन्ने उद्देश्यले नीति, नियम, विनियमहरू बनेका हुन्छन् । त्यसैको आधारमा सरकारले निर्देशन दिने हो । वीरगंज महानगरपालिकाले संस्थागत विद्यालयहरूलाई दिएको निर्देशन यसविपरीत पक्कै पनि होइन होला । एक पक्षले नीति नियम तथा निर्देशन अटेर गर्दा अर्को पक्षले त्यसको नोक्सानी भोगिरहेको हुन्छ । शिक्षाको सवालमा विद्यालय र अभिभावक फरक दुई पक्ष हुन् । केही राम्रा विद्यालयहरूको नाममा फाइदा उठाउने विद्यालयहरू पनि धेरै छन् । अहिले ती विकृतिहरू शहरभन्दा पनि ग्रामीण क्षेत्रमा बढेका छन् ।**

**ग्रामीण क्षेत्रमा दर्ता नै नभएर चलेका विद्यालयहरू टन्नै छन् । कतिपय स्थानीय पालिकाले संस्थागत विद्यालय दर्ता कार्यविधि बनाएका छैनन् । कार्यविधि नबनाएका पालिकाले दर्ता भए नभएको हेर्ने र निर्देशन दिने कुरा आएन । जिल्ला शिक्षा कार्यालय अब समन्वयमा परिणत भएको हुँदा गाउँ पस्दैन । यसबीचमा अनुगमनकारी निकायको अभावमा ग्रामीण क्षेत्रका निजी विद्यालयहरू छाडा बन्नेतर्फ उन्मुख छन् । गाउँका संस्थागत विद्यालयमा ट्युशन शुल्क शहरका विद्यालयमा भन्दा बढी छ । यातायात खर्च यसै पनि बढी हुने भयो । हावा नछिर्ने साँघुरा कक्षाहरूमा कोचिएका बालबालिका पङ्खा र पिउने पानीको व्यवस्था नभए पनि भौतिक पूर्वाधार शुल्क तिरिरहेका छन् । कतिसम्म भने कार्यालय कक्षमा समेत कम्प्युटर नचल्ने विद्यालयले बालबालिकासँग कम्प्युटर शुल्क उठाइरहेका छन् । भर्खर निजी विद्यालय पसेको गाउँमा कतिपय शुल्कको शीर्षक अभिभावकलाई नै थाहा छैन । टाईसहितको पोशाक र झोलामा अङ्ग्रेजी किताब अभिभावकको मुख्य आकर्षण हुन् । "सरकारी शिक्षक कर्मचारीले सरकारी विद्यालयमा नै आफ्ना बालबालिकालाई भर्ना गर्नुहोला" निर्देशन होइन, वार्षिक एउटा अनुरोधपत्र [redacted] टार्छन् । अनुगमन कसले गर्ने ?**

# केवल पात्रो बदलिंदैमा नयाँ वर्षको शुभकामना दिनुहुन्न

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**नेपालीहरूले नयाँ वर्ष त्यो दिन मनाउनेछन्, जुन दिन नेपालीहरू सबै प्रकारका शोषण, दमन र विभेदबाट मुक्त हुनेछन्, समानताको अनुभूति गर्नेछन् साथै रोजगारका लागि विदेशी भूमिमा भौतारिनेछैनन् । आफ्नै देशमा गच्छे अनुसार काम पाउनेछन् ।**

यतिबेला नयाँ वर्ष २०८० नेपालीहरूको घरदैलोमा आइसकेको छ । पुरानो वर्ष २०७९, ३६५ दिन नेपाली गाउँशहरमा बिताएर गइसकेको छ । प्रत्येकपटक पुरानो वर्षको बिदाइ गर्दा तथा नयाँ वर्षको स्वागत गर्दा नेपालीहरूले खुशियाली मनाउने चलन रहँदै आएको छ । समयक्रममा यो चलनभित्र थुप्रै विकृति, विसङ्गति मौलाउँदै आएको देखिन्छ । नयाँ वर्ष मनाउने निहुँमा जाँडरक्सी खानैपर्ने, फजुल खर्च गर्नैपर्ने, मादक पदार्थ सेवन गरी गाडी चलाउनैपर्ने, वनभोज जान्नैपर्ने र यस्ता ठाउँबाट फर्कंदा प्राय: सडक दुर्घटनामा परी ज्यान गुमाउनुपर्ने अवस्था दिन प्रतिदिन डरलाग्दो किसिमले विकास हुँदै गइरहेको छ । पुरानो वर्षमा समाजमा देखिएका सामाजिक तथा देशभित्र देखिएका राजनीतिक-प्रशासनिक विकृति, भ्रष्टाचार थोरै पनि घट्नुको सट्टा दिन दुई गुणा रात चौगुनाको हिसाबले बढ्दै गए पनि नयाँ वर्षको अवसरमा उत्साहित भएर परम्पराको निर्वाह गर्ने नाउँमा शुभकामना दिने काममा अबेर रातिसम्म डटेर बसेको देखिन्छ । विगत केही वर्षदेखि काठमाडौंलगायत देशका विभिन्न शहरमा नयाँ वर्ष महोत्सव मनाउने नाउँमा जाँडरक्सी खाएर होहल्ला मच्चाउने तथा डिजेजस्ता ध्वनि प्रदूषणयुक्त अडियो-भिडियो देखाएर/बजाएर उत्सव मनाउने चलन बढेर गएको देखिन्छ ।

यस वर्ष वीरगंजमा, सम्भवत: देशमा नै, पहिलोपटक तीन दिनसम्म रात्रिमेला सञ्चालन गरी नयाँ वर्ष महोत्सव मनाइयो । यस रात्रिकालीन महोत्सवको तीनै दिन चौबीस घण्टा वीरगंज-रक्सौल नाका खुला रह्यो । रात्रिकालीन मेला भनिए पनि त्यहाँ खानेकुराको स्टल बढी थिए । पसलेहरूले बेच्ने खाद्य पदार्थ कति खानयोग्य थियो-थिएन, त्यसको गुणस्तर के कस्तो छ आदि बारे जाँचबुझ गर्ने कुनै जिम्मेवारी कसैले लिएको देखिएन ।

हामी सबैलाई थाहा छ, पृथ्वी आफ्नो धुरीमा २४ घण्टामा एकपटक घुम्छ । यो पृथ्वीको दैनिक गति हो र यसैको आधारमा दिनरात हुने गर्छ । ठीक यसैगरी सूर्यलाई एकपटक घुम्न पृथ्वीलाई ३६५ दिन लाग्ने गर्छ, यो पृथ्वीको वार्षिक गति हो । यही वार्षिक गतिको कारण प्रत्येक ३६५ दिनपछि नयाँ वर्ष हाम्रो अगाडि क्यालेन्डरमा आइपुग्छ । यो स्वाभाविक र प्राकृतिक परिघटना हो । यसको लागि कसैले कसैलाई शुभकामना दिनुपर्ने कुनै आवश्यकता नै छैन । किनभने यसमा मानिसको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै भूमिका हुँदैन । अनि शुभकामना केका लागि !

हामी सबैलाई थाहा छ, हाम्रो देशको आर्थिक अवस्था निकै जर्जर भइसकेको छ । हाम्रो आफ्नो उत्पादनको अवस्था यस्तो छ कि खुर्सानीसमेत विदेशबाट किनेर खानुपरिरहेको छ । लत्ताकपडा, औषधि, विज्ञान प्रविधि आदिको कुरै नगरौं । हाम्रो देशका झन्डै ८० लाख युवा विदेशमा छन् । उनीहरूले त्यहाँबाट पठाएको विप्रेषणले सरकारमा भएका झन्डावालहरू गाडी हुँइकाउन भ्याएका छन् । भनिन्छ, सरकारी कर्मचारीलाई तलबसमेत खुवाउन गाह्रो अवस्था निकट भविष्यमा आउन सक्छ । बारम्बार श्रीलङ्काजस्तो हाम्रो देशको पनि अवस्था होला कि भन्ने त्रासले हामीलाई सताइरहेको छ ।

हाम्रो देशमा प्रधानमन्त्रीय पद्धतिको शासन व्यवस्था शुरू भएदेखि आजसम्म कुनै पनि सरकार पाँच वर्ष चल्न सकेको छैन । सामान्य बहुमत र दुई तिहाइ बहुमतको सरकार पनि पाँच वर्ष चल्न नसकेको देशमा अनैतिक गठबन्धनद्वारा बनाइएको सरकार पाँच वर्ष चल्ला भनी पत्याउने आधार के ? जुन देशमा तथाकथित कम्युनिस्टहरू र प्रजातन्त्रका मसिहा भनिने काङ्ग्रेसीहरू भ्रष्टाचारका अनेकौं घटनामा संलग्न हुन्छन्, मिलेर देशको ढुकुटी लुट्छन् साथै जहिले पनि जनविरोधी काम गर्न, देशको स्रोत र सम्पदा विदेशीको हात बेच्न एकजुट हुन्छन्, एमसिसीजस्तो राष्ट्रघाती सम्झौता गर्छन्, त्यस्तो देशमा आमजनताको भविष्य कसरी राम्रो होला ? अनि यस्तो बेला जनतालाई कसरी शुभकामना दिने ? के भनेर शुभकामना दिने ?

अहिलेसम्म जनयुद्धमा भएका दोहोरो उत्पीडनबाट न्याय पाउन नसकेको, मिटरब्याजबाट किसानहरू आत्महत्या गर्ने गरेको तर मिटरब्याजीलाई कारबाही हुन नसकेको अवस्थामा रहेको समाजमा हामीले के नयाँ वर्ष मनाउने ? जुन देशमा न्याय प्रणालीसमेत स्वतन्त्र र निष्पक्ष छैन, रहन दिइएको छैन । प्रधानन्यायाधीशमाथि महाअभियोग लगाइन्छ तर संसद्मा कहिले पेश गरिंदैन । प्रधानन्यायाधीशको पद खाली राखी सम्पूर्ण न्यायपालिकालाई प्रभावित गरिन्छ । त्यस्तो देशमा हामी कसरी सबैले न्याय पाओस् भनेर शुभकामना दिन सक्छौं ? जुन देशमा सरकारी अस्पतालहरूमा चिकित्सकहरू बस्न रुचाउँदैनन्, केवल तलब-भत्ता खान्छन्, निजी क्लिनिकमा लुटको बजार चलाउन लागिपर्छन् । निजी सम्पत्ति आर्जनको लागि बिरामीको जीउधनसँग खेलबाड गर्छन् । त्यस्तो देशमा हामी कसरी जनतालाई सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना दिन सक्छौं ? हामी साँच्चै जनताको सुख, समृद्धि, सुस्वास्थ्यको कामना चाहन्छौं कि केवल परम्परा निर्वाह ? यदि परम्परा निर्वाह हो भने यति कुरा थाहा हुँदाहुँदै पनि नववर्षको शुभकामना बाँड्दै किन हिंड्ने ?

यतिबेला सामाजिक सञ्जालहरू नयाँ वर्षका अनेकौं भाष्यपूर्ण शुभकामनाले भरिएका देखिन्छन् :

* नयाँ वर्ष २०८० सालको हार्दिक मङ्गलमय शुभकामना ।
* सुख, समृद्धि, शान्ति र सम्पदाको लागि नयाँ वर्षको शुभकामना
* नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना, यो नयाँ वर्षले तपाईंको लागि सफलता र सुख ल्याओस् ।
* नयाँ वर्षले वास्तविक परिवर्तन ल्याउन सक्छ, तपाईंको जीवनमा । नयाँ प्याकेजमा पुराना बानीहरू हटाउँदै । नववर्षको शुभकामना ।
* नयाँ वर्ष २०८० सालको हार्दिक मङ्गलमय शुभकामना । यो वर्षले तपाईंलाई समृद्धि, सफलता, शान्ति र खुशी देओस् ।
* दुनियाँको सबैभन्दा असल मानिसको लागि नयाँ वर्षको शुभकामना ।
* यस नयाँ वर्षमा तपाईंका हरेक इच्छा पूरा होस्, तपाईंको जीवनमा धेरै खुशियाली छाओस्, यही शुभकामनाको साथ यो नयाँ वर्षको बधाई छ ।
* तपाईंलाई नयाँ वर्षको शुभकामना यही छ कि यस वर्ष भगवान्‌को आशीर्वाद धेरैभन्दा धेरै मिलोस् ।
* नयाँ आकाश, नयाँ धर्ती, नयाँ जीवन, नयाँ पल, नयाँ दिन र नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना !
* सधैं हाँस्नु, हँसाइरहनु, मुस्कुराइरहनु यसरी नै बितोस् नववर्ष २०८० ! विगत सम्झेर पश्चात्ताप नहोस्, भविष्यलाई सम्झेर चिन्ता नहोस् ।
* नयाँ उमङ्ग, नयाँ जोश, नयाँ जाँगर, नयाँ खुशी, नयाँ प्रगति, नयाँ बहार, नयाँ सपना, नयाँ आयाम, नयाँ पल नयाँ वर्षले प्रदान गरोस् । तपाईंको जीवन समृद्ध बनोस् । नयाँ वर्षको शुभकामना ।

अरू कुरा जेजोस्, यस्तो शुभकामना आदानप्रदानले गर्दा सञ्चारजगत्‌ले निकै मोटो कमाइ गरेको देखिन्छ । तर नेपालीहरूले नयाँ वर्ष त्यो दिन मनाउनेछन्, जुन दिन नेपालीहरू सबै प्रकारका शोषण, दमन र विभेदबाट मुक्त हुनेछन्, समानताको अनुभूति गर्नेछन् साथै रोजगारका लागि विदेशी भूमिमा भौतारिनेछैनन् । आफ्नै देशमा गच्छे अनुसार काम पाउनेछन् । देश आत्मनिर्भरताको बाटोमा अगाडि बढ्नेछ । विद्यमान दलाल पूँजीवादी व्यवस्था समाप्त भई देशमा वैज्ञानिक समाजवाद निर्माण हुनेछ । प्रत्येक नेपाली उत्पादनसँग जोडिनेछन् । नेपाली समुदाय विश्वमा आत्मनिर्भर समुदायको रूपमा परिचय र प्रतिष्ठा पाउनेछ । भाडाको सिपाही जन्माउने देशको रूपमा यसको कुख्याती समाप्त हुनेछ । त्यति बेला हामी नयाँ वर्षको शुभकामना आदानप्रदान गर्दा उचित होला कि ?

# नेपालमा कर तिर्दैनन् सामाजिक सञ्जाल, फेसबूकले मात्रै लैजान्छ ६० अर्बभन्दा बढी नाफा

काठमाडौं, ८ वैशाख/रासस

नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भएपनि अधिकांश कम्पनी कर प्रणाली बाहिर छन् ।

चालू आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स)सम्बन्धी व्यवस्था गरेको थियो । तर हालसम्म दुईवटा कम्पनी मात्रै डिजिटल सर्भिस ट्याक्स प्रणालीमा दर्ता भएको आन्तरिक राजस्व विभागले जनाएको छ ।

"हालसम्म गूगल र इब्स्को इन्क भन्ने दुईवटा कम्पनी मात्रै डिएसटीमा आबद्ध भएका छन् । अरू कम्पनीले पनि चासो देखाइरहेका छन् । तर यस्तो कर प्रणाली हाम्रालागि नयाँ व्यवस्था भएकाले बाध्यकारी हुन नसक्दा अरू कम्पनीलाई कसरी करको दायरामा ल्याउने भन्ने चुनौती छ," आन्तरिक राजस्व विभागका प्रवक्ता राजुप्रसाद प्याकुरेलले भने ।

चालू आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनी व्यवस्था गरेको थियो । वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ ।

ऐनको व्यवस्था अनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ । तर विभागमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । विभागमा दर्ता भइसकेका यस्ता विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भएपनि दर्ता नै नभएकालाई कस्तो कारबाही हुने भन्ने स्पष्ट नरहेको प्रवक्ता प्याकुरेल बताउँछन् ।

चालू आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ । तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्यरूपमा दर्ता हुनुपर्ने




व्यवस्था आर्थिक ऐनमा भने कहीं पनि राखिएको देखिंदैन ।

नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले नै देखाएका छन् । मन्त्रिपरिषद्‌को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९'ले पछिल्ला वर्षमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ ।

"नेपालमा कानूनीरूपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्," प्रतिवेदनमा भनिएको छ ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबूकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । "बजारसम्बनधी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबूकको प्रतिविज्ञापनकर्ता विज्ञापन आम्दानी सन्

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# साहित्यप्रति बढ्दो अनुराग र साहित्यिक सञ्चार

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

जब कोरोनाको लकडाउन थियो, तब मानिसलाई घरभित्रै बसेर समय बिताउन धेरै कठिन थियो। ओछ्यानमा सुत्दासुत्दा जीउ दुख्थ्यो। कतिपयले खाएर सुत्ने र सुतेर उठेर खाने अनि फेरि सुत्ने गर्दथे। त्यही एउटा समय थियो, जतिखेर मानिसलाई घरभित्रै समय बिताउन निकै अप्ठ्यारो भइरहेको थियो। त्यस कठिन समयलाई सिर्जनात्मक सदुपयोग गर्नेहरू पनि धेरै निस्किए। त्यसअघि कहिल्यै साहित्य सिर्जना नगरेका कतिपय यस्ता पनि मानिस भेटिएका छन्, जसले एकैचोटि छन्दमा लेख्न अभ्यास गरे र लकडाउनको अवधिमा अभ्यस्त पनि भए।

समय बिताउन लेखपढ गर्ने बानी त्यसैले निकै फलदायी छ। लकडाउनको समयमा कतिपयले आफूलाई मन लागेको र पहिलेदेखि पढ्न चाहेका तर पढ्न नपाएका कृतिहरूको अध्ययन गर्ने मौका पाए। यसैगरी, कतिपय यस्ता मानिस थिए, जोसित लेख्ने विषय थियो, लेखनकला थियो तर लेखनको लागि समय थिएन। तिनीहरूले लेख्नको लागि समय पाए, फुर्सद पाए र मज्जाले लेखे पनि। कतिपय यस्ता पनि थिए, जोसित लेखिएको कृति थियो र सम्पादन वा पुनर्लेखन गर्ने अवसर भइरहेको थिएन, लकडाउनले त्यसको मौका दियो। पुनर्लेखन र सम्पादन भयो। यसरी लकडाउनले कृतिको पठन, लेखन, सम्पादन, अभ्यास तथा पुनर्लेखन सबै क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिएको छ। यद्यपि लकडाउनले जनजीवन तथा अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव चाहिं कैयौं वर्षसम्म भरपाई नहुने सम्भावना छ।

साहित्य त अध्ययन र सिर्जनकै कुरो हो। पाठकको रूपमा मानिसले आफूलाई रुचि भएको साहित्य नै पढ्ने हो। रुचि भएको साहित्य सिर्जना गर्ने हो। यही पठन र सिर्जनले साहित्यलाई अगाडि बढाउँछ। पठन र सिर्जन दुवैको लागि यदि समय छ र समयले चाहिं विस्तार दिएको छ भने अलिकति स्तरीयता स्वाभाविक आउँछ। अझ शोधार्थी तथा अनुसन्धानकर्मीको लागि त यस प्रकारको समय वरदान नै हुन्छ, जहाँ कसैले कुनै रोकावट गर्ने नहोओस्। निर्बाध अनुसन्धान गर्दाको फाइदा नै बेग्लै हुन्छ। बेग्लै किसिमको अनुभूति हुने हुन्छ। फरक किसिमको अनुसन्धानमूलक सिर्जना आउने हुन्छ। हो, लकडाउनले धेरै नकारात्मकताबीच यस प्रकारको सकारात्मक प्रभाव पार्न सफल भएको छ।

लकडाउनको समयमा सञ्चार क्षेत्र ठप्प भएको थिएन। अखबार प्रकाशन भइरहेकै थियो, रेडियो तथा टेलिभिजन प्रसारण भइरहेकै थिए। सबैभन्दा बढी त अनलाइनले विकास गर्ने अवसर पाएको हो, यस अवधिमा। यही अवधिमा सामाजिक सञ्जालले भने निकै सक्रियता देखाएको हो। इन्टरनेटको माध्यमबाट हुने विभिन्न किसिमका सामूहिक सञ्जालका बारेमा पनि सबैभन्दा धेरैले जान्न पाएको अवसरमूलक समय पनि यही नै थियो। र फेरि पनि जो जससित सम्बन्ध राख्छ, ऊ त्यसैसित बढी सम्बन्धित विषयलाई खोज्छ। यस सवालमा साहित्यको सम्बन्ध पनि साहित्यकारसित नै हुन्छ र साहित्यको बारेमा सरोकार राख्नेहरूले साहित्यिक समूहसित सम्बन्ध स्थापित गर्दछ। लकडाउनको समयमा देश र विदेशका साहित्यिकारहरूले अनेक साहित्यिक



सञ्जालमार्फत एकअर्कासित जोडिएर साहित्य सिर्जनालाई एकअर्काबीच पस्कने तथा त्यस सम्बन्धमा छलफल गर्ने अवसर पाएका थिए। यसले सीमित घेरामा रहेको पहिचान र परिचयलाई आफ्नो घेराभित्रको अन्तर्राष्ट्रियकरण गर्न सहयोग पुगेको थियो।

हो, लकडाउनको समयमा साहित्यिक समूह, साहित्यिक सञ्जाल र विभिन्न औपचारिक, अनौपचारिक सञ्चार क्षेत्रमा भएका साहित्यिक अन्तर्क्रिया तथा प्रकाशन र प्रसारणसमेतको कारण निस्सन्देह साहित्यिक गतिविधि मात्र होइन साहित्यिक उपभोक्तामा पनि विस्तार भएको थियो। लकडाउनभन्दा पहिले र लकडाउनपश्चात्को समयलाई विचार गर्ने हो भने साहित्यिक पाठक तथा लेखकको सङ्ख्यामा निकै धेरै विस्तार भएको पाउन सकिन्छ। साथै साहित्यको स्तरको क्षेत्रमा पनि विस्तार भएको पाउन सकिन्छ। यसै कारण कतिपय समालोचकले पछिल्लो समय साहित्यिक कार्यक्रममा विस्तार भएकोमा टिप्पणी गर्दै लकडाउनको समयमा साहित्यको क्षेत्रमा मानवले पुऱ्याएको पहुँचको परकम्प भएको प्रतिक्रिया दिएका छन्।

साहित्यले मानिसलाई जोडेको छ र मानिसलाई नाम पनि दिएको छ। जब पिंजडामा कोही बन्द हुन्छ भने त्यति बेला उसको लागि त्यहाँभन्दा बाहिर आउनु नै ठूलो स्वतन्त्रता हुन्छ।

(बाँकी अन्तिम पातामा)

# शिक्षक बढुवा : फकाउने सफल, पढाउने विफल (३)

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

अघिल्लो आलेख (१) र (२) मा सामाजिक सञ्जालमा प्राप्त प्रतिक्रियाबाट आलेख (३)को प्रसङ्ग शुरू गरौं। थुप्रै प्रतिक्रियामध्ये केही प्रतिक्रिया यहाँ जस्ताको त्यस्तै समाविष्ट गरेको छु।

लालबहादुर खत्री– "म पनि यही मारमा परेको पीडित शिक्षक हुँ। म १७ वर्ष अस्थायी र १७ वर्षदेखि स्थायी शिक्षण पेशामा छु तर आजसम्म बढुवा भएन। शायद चाकरी नपुगेर होला।"

तिमिल्सिना धनपति– "सही लेख पढ्न पाइयो, आफ्नै व्यथा जस्तो।"

सीता दाहाल नेपाल– "सही लेख पढ्न पाउँदा धेरै खुशी लाग्यो १०० प्रतिशत।"

रोहित दाहाल– "चोरलाई चौतारो साधुलाई सुली भन्ने उक्ति त लागू भएको नै हो।"

डिएस मगरथापा– "देशमा फकाउन जान्नी मात्रै त बिक्छ, काम गर्नीले जतानी दुःख मात्रै पाउँछ नि।"

कविता बस्नेत– "कामको मूल्याङ्कन हुने दिन आउँदैन, बरु अवकाश हुने दिन आउँछ।"

रामप्रसाद भण्डारी– "सेवा अवधि २० वर्ष पुग्दा पनि एक तह बढुवा नगर्ने सरकारले अझ शिक्षामा गुणस्तर खोज्दैछ।"

डम्बर पाइक्रा– "शिक्षण अवधि पाँच वर्ष पूरा गर्ने शिक्षकलाई तहगतरूपमा एक तह अनिवार्य बढुवाको प्रावधान ल्याउनुपर्छ।"

भोजबहादुर थापा– " नेपालमा सबै क्षेत्रमा यही परिपाटी रहेको छ, चाकरी र चाप्लुसी गर्ने जहिल्यै पनि नेता र कार्यालयको वरिपरि रहन्छन्, इमानदार निष्ठावान् मान्छेहरू आफ्नो कर्तव्य पालना गरिरहेका हुन्छन्। अनि फाइदा लिने तिनै नेताको र हाकिमहरूको चाप्लुसी गर्नेहरूले फाइदा लिइरहेका हुन्छन्।"

**काखापाखा**

आफूलाई काखापाखाको शिकार भएका बताउने शिक्षकहरू असङ्ख्य छन्। उनीहरू आफ्नो मनका पीडा अधिकारीहरूसमक्ष व्यक्त गर्न असमर्थ छु भन्छन्। किनभने पीडा सुन्ने नियामक नै पीडक बनेपछि वेदना कसलाई पोख्ने भन्दै रोष प्रकट गर्छन्। उनीहरूले कर्तव्यनिष्ठ शिक्षकलाई आघात पुऱ्याउने अधिकारीहरूको सङ्ख्या थोरै भए तापनि अवाञ्छित शक्ति उनीहरूसँगै बढी भएको बताउँछन्। पालिका तथा जिल्ला तहका नियामकहरूले भऱ्याङमार्गी शिक्षकलाई कागजपत्रदेखि उपल्लो निकायहरूलाई मिलाउने सूत्रधारको रूपमा खडा गर्नु खेतमा बालीको असुरक्षा र खरपातलाई मलजल गर्नु सरह हो। यद्यपि मलजल गर्ने प्रक्रिया भने निश्शुल्क हुँदैन। कलुषित कार्य सशुल्क गरिन्छ।

अनैतिक दामको भरमा प्रक्रिया मिच्ने आचरण गैरकानूनी हो भन्ने कुरा कसलाई थाहा छैन र? तर अपवादबाहेक दाम र राजनीतिक शक्तिविना पद बढुवा अकल्पनीय हो भन्ने कुरा महसूस गर्ने शिक्षकहरू निराश बन्न थालेका छन्। नियमविपरीत बनेका भवनमाथि बुल्डोजर चलाइएझैं शिक्षा क्षेत्रमा अवाञ्छित क्रियाकलापको बढावा दिनेहरूमाथि को, कसले र कहिले बुल्डोजर चलाउने हो भन्ने चर्चा अहिले शिक्षकहरू माझ व्याप्त छ।

शिक्षकहरूले कार्यरत विद्यालयमा फाइल दर्ता गराइ प्रधानाध्यापक वा पालिकास्थित शिक्षा शाखामा फाइल बुझाउनुभन्दा बढी दायित्व उनीहरूसँग छैन। त्यसैगरी, पालिकास्थित शिक्षा शाखाहरूले जिल्ला शिक्षा तथा समन्वय एकाइ कार्यालयमा फाइल बुझाउने दायित्व तोकिएको छ। त्यसपछि जिल्ला शिक्षा तथा समन्वय एकाइले प्रदेशमा र प्रदेशले शिक्षक सेवा आयोगमा फाइल पठाउने दायित्व छ। शिक्षक सेवा आयोगले विज्ञापन गरिएको पदको सङ्ख्या अनुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सूची प्रकाशित गर्छ।

जिल्लास्थित निकायलाई उम्मेदवारहरूमध्ये प्रक्रिया पुग्ने र सफल हुन सक्ने सम्भावित उम्मेदवारहरूको बारेमा अग्रिम जानकारी नहुने कुरै हुँदैन। काखापाखासहित अवाञ्छित खेल जिल्ला तहबाट हुने शिक्षकहरूले आरोप लगाउँछन्। सम्भावित उम्मेदवारहरूसँग मोलमोलाइ गर्नको लागि माध्यमहरूको प्रयोग गरिने शिक्षकहरूको आरोप हो। माध्यमको रूपमा अरू कोही नभई शिक्षकमध्यकै हालीमुहालीकर्ता शिक्षकहरू प्रयोग हुन्छन्। दाम लिने र कामप्रति वफादारी देखाउने कार्यमा राजनीतिक पृष्ठभूमिका शिक्षकसँगै तहगत संरचनाभित्रबाट विभिन्न अदृश्य शक्तिहरू सक्रिय हुन्छन्।

अधिकांश शिक्षक भन्छन्– "निकाय नै अवाञ्छित गतिविधिको सूत्रधार भएपछि प्रणालीसँग कानूनी उपचार पाउनु असम्भव प्रायः छ। नियामकहरूको निष्ठा र कुनिष्ठाबीचको फरक अदृश्य हुन्छ तर सत्यपथका समर्थकहरूलाई नियत र कुनियतबीच फरक छुट्याउन भने कठिन हुँदैन।"

**दुष्प्रवृत्ति क्षम्य हुँदैन**

निराशा र हीनताबोधबाट ग्रसित शिक्षकसँग गतिलो शिक्षा दिने आशा गर्न सकिंदैन। सामुदायिक विद्यालयका शिक्षकहरूलाई समस्याबाट मुक्त राखी सार्थक एवं प्रभावकारी शिक्षण कार्य गराउन दण्ड र पुरस्कारका साथै आवधिक एवं तहगत बढुवा प्रणालीको व्यवस्था गरिएको हुन्छ। तर मौजुदा शिक्षक बढुवा प्रणालीले बढुवा नभएर भौंतारिइरहेका तथा उमेर ढल्किसकेका शिक्षकलाई अपेक्षित मात्रामा उत्साहित र सन्तुष्ट तुल्याउन सकेको पाइँदैन।

सरकारी विद्यालयमा लामो समय काम गरेर बढुवा नपाएर भौंतारिइरहेका शिक्षकहरूको अनुभव/भोगाइ अध्ययन गर्दा बढुवा प्रणालीमा अनेक झमेला र समस्याहरू देखिन्छन्। तहगत संरचनाभित्र विराजमान नियामकहरू सबै दुष्प्रवृत्तियुक्त नै छन्, स्वच्छ आचरणधारी छँदै छैनन् भन्न खोजिएको होइन वा बढुवा धाँधलीयुक्त नै हुन्छ, शुद्धता छँदै छैन भन्ने पनि होइन। तर कुनै पनि कोणले अस्वच्छता र अशुद्धताको शून्य प्रतिशत मान्य हुँदैन। नियामक निकायको तहगत संरचनाभित्र कुनै पनि कोणले दुष्प्रवृत्ति क्षम्य हुने विषय हुँदै होइन।

**शिक्षकहरूको आरोप**

स्थायी शिक्षकहरूले न्यूनतम योग्यता पुगेर पनि बढुवा नपाउनुमा मौजुदा बढुवा प्रणाली र बढुवा गर्ने जिम्मा पाएका अधिकारीहरूको प्रवृत्ति र लापरवाही सबैभन्दा बढी जिम्मेवार रहेको शिक्षकहरूले आरोप लगाउने गरेका पाइन्छन्। रिक्त पदहरूमध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा गर्ने व्यवस्था गरिएको छ।

आन्तरिक प्रतिस्पर्धाबाट गरिने २५ प्रतिशत बढुवामा शिक्षकले लिखित र अन्तर्वार्तामा पाउने अङ्कलाई आधार बनाइन्छ। यसलाई धेरैले त्रुटिरहित माने पनि कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने ७५ प्रतिशत पदको बढुवामा भने व्यापक धाँधली हुने गरेको भुक्तभोगी शिक्षकहरूको गुनासो हो। शिक्षकहरूका अनुसार कार्यसम्पादन मूल्याङ्कनबापतको अङ्क पाउनका निम्ति बढुवाका प्रत्याशी शिक्षकले प्रधानाध्यापक, विद्यालय निरीक्षक र शिक्षा प्रमुखहरूलाई घूस दिनै पर्ने रोगले जरा गाडेको आरोपसमेत लाग्ने गरेको छ।

**विभेदको शिकार शिक्षक**

निजामती सेवा ऐनको दफा २४ को (घ) १ मा १० वर्ष सेवा गरेको राजपत्र अनङ्कित द्वितीय श्रेणी, १२ वर्ष सेवा गरेको राजपत्र अनङ्कित प्रथम श्रेणी, १५ वर्ष सेवा गरेको राजपत्राङ्कित तृतीय श्रेणी र १८ वर्ष सेवा गरेको राजपत्राङ्कित द्वितीय श्रेणीलाई स्वतः एक तह बढुवा गर्ने व्यवस्था गरिएको छ। यीमध्ये कुनै पनि पदमा रहेको कर्मचारीको एक तहमाथिको शैक्षिक योग्यता भएकालाई यो अवधि अझ कम गरिएको छ। तर शिक्षकहरूमा यो व्यवस्था छैन। लामो समय काम गरेको भएपनि शिक्षा क्षेत्रमा स्वतः बढुवा हुने नियम छैन। कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा पाउनु सहज र सरल छैन। शिक्षकहरूले प्रश्न गर्ने गरेका छन्– "विभेदको शिकार हामी नै किन बनिरहेका छौं ?"

**कसरी हुन्छ विकृतिको अन्त्य ?**

शिक्षक बढुवा पुरस्कारमध्येकै एउटा कडी हो। बढुवाले शिक्षकलाई अपेक्षित मात्रामा उत्साहित तुल्याउन सकेको पाइँदैन। बढुवाको मौजुदा नीति, बढुवा संयन्त्र र बढुवा गर्ने अख्तियार पाएका अधिकारीको त्रुटि र लापरवाही दोषमुक्त हुनुको विकल्प छैन। बढुवा प्रक्रियामा देखिएका समस्या र विकृतिहरू सच्याइने र पारदर्शी तुल्याउनुपर्ने खाँचोप्रति सधैं आँखा चिम्लिने नियामकहरू कुनै पनि बहानामा कुप्रवृत्तिको भऱ्याङ बन्नुहुँदैन।

शिक्षण पेशामा समर्पित शिक्षकलाई जागरूक तुल्याइ पेशाप्रति अझ निष्ठावान् बनाउन शिक्षा क्षेत्रमा धेरै सुधार आवश्यक देखिएको छ। विद्यालयको अध्ययन सुधार्नका निम्ति शिक्षकको नैतिक र पेशागत आबद्धता माथि उठ्नुपर्ने विषयमा सरोकारवाला निकायहरूले ध्यानकेन्द्रित गर्नैपर्छ। दण्ड र पुरस्कार प्रणाली काखापाखामुक्त हुनुपर्छ। यसले शिक्षकहरूमा कामप्रतिको लगाव र जागरूकता बढ्ने धेरैको विश्वास रहेको देखिन्छ।

राजनीतिक हस्तक्षेप शिक्षा क्षेत्रमा सुधारको निम्ति हुनुपर्छ। राजनीतिक परिवेशतर्फ विचार गर्दा शिक्षा क्षेत्रमा दलको हस्तक्षेप सुधारको लागि हुनुपर्नेमा शिक्षकहरूको हकहितको नाममा उदय विभिन्न सङ्घसङ्गठनहरू दलीय कार्यकर्ताको सङ्ख्या बढाउनेमा लक्षित रहेको सत्य कसैले स्वीकार नगरे पनि असत्य भन्न मिल्ने आधारहरू देखिंदैनन्। दलको झन्डा बोकेकै आधारमा पुरस्कार हासिल गर्ने शिक्षकहरूका कारण शिक्षा क्षेत्र बढी धराशयी बन्दै गएको आरोप लाग्दै आएको छ।

दलको झन्डा बोक्ने शिक्षकले विभिन्न प्रकारका सहुलियत पाउने र झन्डा नबोक्ने शिक्षक विभिन्न बहानामा अपमानित हुने परिपाटीको अन्त्य हुनुपर्छ। फकाउने शिक्षक सफल र पढाउने शिक्षक विफल भइरहेसम्म शिक्षा क्षेत्रमा

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ–२९

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**दी अमेरिकन ड्रिम**

'दी अमेरिकन ड्रिम' अमेरिकीहरूको एक राष्ट्रिय नारा हो। एक अभियान हो। एक सोच हो। एक अवधारणा हो। यो अवधारणालाई सबै अमेरिकीले आफ्नो राष्ट्रिय सोचको रूपमा लिन्छन्।

सामान्य अर्थमा 'दी अमेरिकन ड्रिम' वा 'अमेरिकी सपना' भनेको अमेरिकीहरूको साझा उद्देश्य हो। तर यसको अनेक किसिमले अर्थ लगाउने गरिएको पाइन्छ। अमेरिकी सपना भनेको अमेरिकीहरूको इच्छा, आकाङ्क्षा, सोचाइ, कल्पना, चाहना भन्ने पनि बुझिन्छ। अमेरिकी सपनालाई केहीले एक किसिमको भनाइ वा साझा राष्ट्रिय विश्वास पनि भन्ने गरेको पाइन्छ।

अमेरिकी सपना भनेको सबै नागरिकले विना कुनै भेदभाव समान व्यवहार पाउनु हो। कठोर परिश्रम गरेर आर्थिक सफलता प्राप्त गर्न पाउनु हो। प्रगति गर्नका लागि सबैलाई समान किसिमको अवसर प्राप्त हुनु हो। आर्थिक सफलताको माथिल्लो खुडकिलोमा पुग्न कुन पनि किसिमको अवरोधको सामना गर्नु नपर्ने हो।

हरेक परिवारसँग आफ्नो एउटा घर होस्। सवारीका लागि एउटा कार होस्। गृहस्थी धान्नका लागि नियमित किसिमको आम्दानी हुने कुनै आयको स्रोत होस्। यी कुराहरूलाई पनि कतिपयले अमेरिकी सपनासँग जोडेर हेरेको पाइन्छ। अर्थात् अमेरीकी सपना भनेको सबैले सजिलो गरी, सुरक्षित र सुखपूर्वक जीवन बाँच्न पाउनु हो। सबै अमेरिकीलाई खाने र बस्ने वा भोजन र आवासको सदा सुविधा हुनु अमेरिकी सपना हो।

अमेरिकालाई अवसरहरूको देश तुल्याउनुलाई पनि अमेरिकी सपना भन्ने गरिन्छ। ऐन, कानून र नियमभित्र रहेर कडा परिश्रम गर्न खोज्ने जुनसुकै व्यक्तिले कडा परिश्रम र बौद्धिक क्षमता प्रयोग गरेर चाहे जतिको उन्नति र प्रगति गर्न पाउनु अमेरिकी सपना हो। विना कुनै अवरोध एक सामान्य व्यक्तिले पनि गगनचुम्बी सपना साकार गर्न पाउनु अमेरिकी सपना हो।

अमेरिकामा धनी व्यक्तिहरूमध्ये धेरै व्यक्तिहरू आआफ्नो पुर्ख्यौली सम्पत्ति प्रयोग गरेर होइन, आफैंले आर्जन गरेर धनी भएका छन्। आफ्नो बौद्धिक क्षमता प्रयोग गरेर धनी भएका छन्। आफैंले कठोर परिश्रम गरेर र पसिना बगाएर धनी भएका छन्। जोन डी रोक्फेलर पनि त्यसैगरी कठोर परिश्रम गरेर धनी हुने व्यक्तिहरूमध्ये एक हुन्। रोक्फेलर आफ्नो समयमा विश्वका अति धनीहरूमध्ये एक थिए। यसैगरी, प्रख्यात अमेरिकी कम्पनी अमेजनका जनक जेफ बेजोस र माइक्रोसफ्टका जनकमध्येका एक बिल गेट्सले पनि धनाढ्य हुन पुर्ख्यौली सम्पत्ति प्रयोग गरेको सुनिएको छैन। दुवै ब्यक्ति आफ्नै परिश्रमले धनी भएका हुन्।

को कहाँ र कुन देशमा जन्मेको थियो र कुन वर्गभित्र पर्छ जस्ता कुराहरूलाई कुनै पनि किसिमको आधार नमानेर हरेकलाई अमेरिकाभित्र अग्रगमन गर्न दिनु, प्रगति गर्न दिनु नै अमेरिकी सपना हो। अमेरिकी विश्वास अनुसार सबै व्यक्तिको सिर्जना विना कुनै भेदभाव समान किसिमले गरिएको छ। यो जात उच्च र त्यो जात निम्न भन्ने छैन। देशभित्र सबैले समान किसिमले रहन पाउनुपर्छ। समान व्यवहार पाउनुपर्छ।

सबै अमेरिकीले अमेरिकी सपना मिलेर साकार गर्नुपर्छ भनी सोच्नु पनि अमेरिकी सपनाभित्रको एक अर्को अवधारणा हो। सरकार, सामान्य नागरिक, सङ्घसंस्था आदि सबै मिलेर अमेरिकी सपना साकार गर्न सक्रिय रहनुपर्छ। यसरी अमेरिकी सपनालाई विभिन्न सोच र विचारहरूद्वारा परिभाषित गरिएको पाइन्छ।

# भोजपुरी भाषाको शत्रु को हो ?

एकअर्कासँग कुराकानी गर्नको लागि भाषा अत्यावश्यक माध्यम हो। संसारमा अनेकौं भाषा छन्। फरक भाषाभाषीबीच दुवै पक्षले बुझ्न र बोल्न सक्ने भाषा संवादको माध्यम बन्दछ।

भाषासँग सम्बन्धित तीतामीठा मनोविज्ञान साझा गर्ने प्रयत्न गरेको छु। बोलेर, पढेर वा लेखेर कुनै विषयमा आफ्नो विचार प्रकट गर्नु सामान्य कुरो होइन। यो आलेख लेखिरहँदा बोध भयो। पढाइबाहेक अतिरिक्त क्रियाकलापको रूपमा आफूले जानेको कुरा लेख्नुपर्छ, बुबाले सधैं भन्नुहुन्छ। बुबा राजेश मिश्र प्रतीक दैनिकका नियमित स्तम्भकार हुनुहुन्छ। उहाँको प्रत्येक लेख म पढ्छु। साथीहरू पनि बुबाको लेख पढ्छन् र मसँग बुबाको प्रशंसा गर्छन्। यी कुराहरूले म बुबाको लेख्ने बानीप्रति आकर्षित र प्रेरित पनि भएको छु। म र बुबाबीच समसामयिक विषयमा छलफल र बहस हुने गर्छ। शायद त्यसैको प्रतिफल आजको यो मेरो प्रथम प्रयास हो।

नेपालको अभिन्न अङ्ग मधेस मेरो जन्मथलो हो। मातृभाषा भोजपुरी हो। अहिले म बनारस हिन्दू विश्वविद्यालय, वाराणसीमा अध्ययनरत छु। बाल्यकालमा भोजपुरी सुन्दै र त्यसैमा तोते बोली बोल्दै हुर्किएँ। समयक्रममा बुझ्ने, बोल्ने र लेख्ने क्षमता विकसित भयो।

घरपरिवारमा भोजपुरी भाषामा संवाद हुन्छ। बाल्यकालमा विद्यालयमा भर्ना भएपछि नेपाली र अङ्ग्रेजी भाषामा पढ्ने, लेख्ने र बोल्ने अवसर प्राप्त भयो। हिन्दी भाषा सिनेमा र सिरियल आदि विभिन्न माध्यमबाट सिक्ने अवसर पाइयो। मैथिलीभाषी साथीहरूको सङ्गतले अलिअलि मैथिली बुझ्छु, तर फर्काउन कठिन हुन्छ। बोल्न र बुझ्न नसक्ने भाषाभाषीबीच हुने संवाद नबुझे पनि प्रभावित हुनेगरी मलाई कर्णप्रिय लाग्छ। विभिन्न भाषा बोल्न र उच्चारण गर्न मलाई मन पर्छ।

कक्षा १२ सम्म वीरगंजमा पढें। काठमाडौं, पोखरा, नारायणघाट आदि शहरहरूको यात्रा गरिसकेको छु। भाषिक उच्चारणकै कारण यात्राको क्रममा कतिपय नमीठा भोगाइसँग पनि साक्षात्कार भएको छ। अहिले वाराणसी बसाइमा छुट्टीको अवसरलाई भारतका विभिन्न राज्यको भ्रमणमा उपयोग गर्न भ्याएको छु। यात्राको क्रममा विभिन्न भाषाभाषी र तिनका लोकसंस्कृति आदिको सौन्दर्य महसूस गर्न र नजीकबाट बुझ्न पाइन्छ।

भाषाको उच्चारण नितान्त क्षेत्रीय भाषा/मातृभाषामा निर्भर गर्दछ। भारतका हरेक राज्यमा भाषाको उच्चारण गर्ने तरीका फरक पाइन्छ। उदाहरणका लागि हिन्दी भाषाको पञ्जाबमा बेग्लै बोली र उच्चारणहरू छन्। त्यसैगरी, हरियाणा, दिल्ली, कर्नाटक र तमिलनाडू आदि प्रदेशहरूमा उच्चारण गर्ने शैली त्यहाँको भाषाको समतुल्य पाइन्छ।

त्यसैले मैले महसूस गरेको छु कि



प्रवीण मिश्र
pmishra60287@gmail.com

मातृभाषाबाहेकका भाषाहरूको उच्चारण मातृभाषाकै शैलीमा स्वस्फूर्त निस्कँदो रहेछ। यो अपरिवर्तनीय शैली हो, परिवर्तन गर्न गाह्रो हुन्छ। उत्तर प्रदेश र बिहारको शैलीका हिन्दी उच्चारणलाई अन्य राज्यहरूमा व्यङ्ग्यात्मक दृष्टिकोणले हेर्ने, उनीहरूको मनोभावबाट प्रस्ट झल्किन्छ।

हामी मधेसवासीहरूको भाषिक उच्चारण सामान्यतया बिहार र उत्तर प्रदेशका मानिसहरूको उच्चारणसँग मेल खान्छ। र यसको शिकार हामी पनि कहिलेकाहीं हुने गर्छौं। मधेस र बिहार तथा उत्तर प्रदेश राज्यका भाषा, संस्कृति र परम्परा समान छन्। त्यस कारण यी तीनै राज्यबीच बिहेवारीको चलन सदियौंदेखि चल्दै आएको छ। त्यसैले दुईतर्फी बिहेवारीलाई रोटीबेटीको सम्बन्धको रूपमा परिभाषित गरिन्छ। हामी सबैलाई थाहा छ– संस्कृति, परम्परा र भाषाको उच्चारण क्षेत्र अनुसार फरकफरक हुन्छ। यहीं कारणले नेपालको तराई क्षेत्रका मानिसहरूको नेपाली भाषाको उच्चारण गर्ने शैली भोजपुरी लयमा प्रकट हुन्छ।

तराई क्षेत्रमा भोजपुरी, मैथिली, अवधी, अङ्गिका, बज्जिका आदि विभिन्न क्षेत्रीय मातृभाषा बोलिन्छन्। वास्तवमा हेर्ने हो भने मधेसी नेपालीहरूको नेपाली भाषाको उच्चारण र स्वरमा भिन्नता भएझैं नेपाली वा अन्य भाषीहरूले भोजपुरी भाषा उच्चारण गर्दा भिन्नता हुन्छ। भाषाको उच्चारणका कारण होच्याउने वा भेदभाव गरेको पाइन्छ। यसको शिकार बढीजसो आर्थिकरूपमा पिछडिएका सामान्य वर्ग, गरीब र दैनिक ज्यालादारी गर्ने मजदूरहरू हुने गर्छन्। हामीहरू एकअर्काको भाषा र उनीहरूका शैली बुझेर सम्मान गर्नु र सिक्नुको सट्टा एकापसमा उच्चारण र शैलीमाथि औंला तेर्स्याउँछौं। यो आपत्तिजनक विषय हो। यस प्रकारको निरर्थक क्रियाकलापले समाजमा घृणा र भेदभाव मात्र फैलाउँछ। संविधानतः जातजाति, भाषाभाषी, धर्म, लिङ्ग वा कुनै पनि बहानामा कसैले कसैसँग भेदभाव गर्नु कानूनी अपराध हो।

चलचित्रहरूमा भोजपुरी भाषालाई हाँसोको रूपमा प्रायः दर्शाउने गरिन्छ। समाजमा हरेक वर्गका मानिस बस्ने गर्छन्। ससाना बालबालिकामाथि भाषिक भेदभावले मनोवैज्ञानिक असर पार्न सक्छ। यस कारण पनि भाषिक भेदभाव सिर्जना हुने क्रियाकलाप गर्नु वा गराउनुहुँदैन।

अर्को पाटोतर्फ विचार गर्ने हो भने भोजपुरी भाषाप्रति भोजपुरीभाषीहरू नै बढी गैरजिम्मेवार देखिन्छन्। कतिपय मधेसी परिवारमा भोजपुरीबाहेक भाषा प्रयोग भएको देखेको छु। त्यस्तै, आजको समयमा पढाइ वा रोजगार आदि विभिन्न कारणले युवावर्ग आफ्नो वातावरणभन्दा टाढा बस्छन्। उनीहरू घर आउँदा त यस्तो लाग्छ कि मातृभाषा बिर्सिसकेका छन्। भोजपुरीभाषीसँग अन्य भाषामा संवाद गरेर के सिद्ध गर्न खोज्छन्, उनीहरू नै जानून्! यसलाई आफ्नै भाषाप्रति आफैंले अन्याय गरेको किन नमान्ने ? एकजना भोजपुरीभाषीले अर्को भोजपुरीभाषीसँग मातृभाषामा कुरा गर्नु गर्वको विषय हो। सोविपरीत हुनु दुर्भाग्यपूर्ण हो। नेपाल, भारतलगायत देशमा भोजपुरीभाषीहरूको बाहुल्यता छ। यति धेरै भोजपुरीभाषी हुँदाहुँदै भाषाको प्रवर्द्धनतर्फ अग्रसर हुनु सबै पक्षको जिम्मेवारी हो। एकपटक भोजपुरी भाषाको दायरा सङ्कुचित पार्ने कारक तत्त्व म पनि हुँ कि, आफैंसँग प्रश्न गरौं त!

हामी आफ्नो मातृभाषाप्रति गर्व गर्नुको सट्टा आफ्नो भाषा बिर्सेर भोजपुरी भाषाका शत्रु हामी आफैं बन्दैछौंजस्तो लाग्छ। भविष्यमा भोजपुरी भाषा विभिन्न कारणले ओरालो लाग्ने खतरा महसूस गर्दैछु। यसको बढी जिम्मेवार अहिलेको पुस्तालाई भविष्यले ठहर गर्ने सम्भावना प्रबल छ।

मातृभाषासँग प्रेम गर्नुको अर्थ अरू भाषाभाषीप्रति माया नहुनु कदापि होइन। बरु मातृभाषाबाहेक अन्य भाषा बोल्ने र सिक्ने चेष्टा गर्नुपर्दछ। अर्कोतर्फ मातृभाषा प्रिय भएन भने सुनको लङ्का लोप भएजस्तै हाम्रो भोजपुरी भाषा लोप हुँदैन भन्न सकिन्न। त्यस कारण भोजपुरी भाषाको संरक्षणप्रति सचेष्ट हुनैपर्छ।

मलाई लाग्छ प्रत्येक भाषा र तिनका उच्चारण अद्भुत र कर्णप्रिय हुन्छन्। कुनै पनि राज्य, भाषा वा देशका जनताले कसैलाई उच्चारण र भाषा अनुसार नराम्रो बोलेर अपमानित गर्नुहुँदैन। देशमा भाषिक विविधता हुनु गर्वको विषय हो। शिक्षित, समृद्ध र सुन्दर शान्त नेपालको चित्र मनमा बनाउनुभन्दा पहिले भाषाको विविधता बुझ्नु एकदमै आवश्यक छ। गोपाल योञ्जनले लेखेको गीतका पङ्क्तिहरू स्मरण गर्दै बिदा लिन चाहन्छु–

**पश्चिम कोही पूर्व घर, आँगन तर एउटै हो,**
**छरिएर बसे के भो, सन्तान त एउटै हो।**
**कर्णाली, महाकाली, कोशी कहीं बाग्मती,**
**हिमालकै जलधारा एउटैको छ नाम कति।**
**चाखी हेर हर खोली, पानी सब एउटै हो,**
**छरिएर बसे के भो, सन्तान त एउटै हो ...।**

# सेरिबैलम

विचार गर्नुस् त हामीले हिंडेर कहीं जाने बेलामा त्यस दूरीलाई कसरी पूरा गर्छौं ? एक/एक पाइला बढाउँदै कोसौं टाढा पुग्छौं। त्यो एक/एक पाइला कसरी अगाडि बढ्छ ? जब एउटा खुट्टा अगाडि सर्छ, अर्को टक्क रोकिन्छ। फेरि अगाडि बढेको खुट्टा रोकिन्छ र पहिलो अगाडि सर्छ। यसरी हामी टाढाटाढाको भ्रमण गर्छौं। त्यस्तै, चाहेमा हामीले दुगुरेर पनि कहींकहीं जान्छौं। प्रक्रिया त त्यही हिंडाइ नै हो तर खुट्टाको अगाडि सर्ने र रोकिने प्रक्रिया छिटोछिटो हुन्छ। कल्पना गर्नुस् त यस प्रक्रियामा एउटा खुट्टा रोकिएन भने के हुन्छ ? हामी कहीं पनि जान सक्दैनौं र त्यहीं लड्न पुग्छौं। हो, यही खुट्टाको तालमेल मिलाउने काम गर्छ ब्रेनको सेरिबैलम भागले जसलाई पछाडिको ब्रेन अर्थात् बिहाइन्ड ब्रेन पनि भनिन्छ, जो हाम्रो खप्परको पछाडिको भागमा पाइन्छ। यसको खोज धेरै अगाडि वैसालियसले लगाएका थिए तर सन् १५०१ मा मैग्नस ननटले यसको नामकरण गरे। ल्याटिनमा सेरिबैलमको अर्थ लिटिल ब्रेन हो। १७औं शताब्दीमा थोमस विलिसले पनि यसको केही अध्ययन गरे। १८औं शताब्दीको मध्यमा मेरी जिन पियरे फ्लोरोसेन्सले एउटा परेवाको सम्पूर्ण सेरिबैलम नै झिकेर परिणाम के हुँदैछ भनेर हेर्न पुगिन्। अचम्म सम्पूर्ण सेरिबैलम झिके पनि परेवा मरेन र हिंडिरह्यो तर घरी यता र घरी उता लडखडाउँदै तर कुनै सन्तुलन नै नमिलेको जस्तै। यसले यो प्रस्ट भयो कि सन्तुलन मिलाउने काम सेरिबैलमको हो र यसविना प्राणी तत्काल मर्दैन। त्यसपछि १९औं शताब्दीमा यसको विस्तृत अध्ययन भयो र आजसम्म जारी छ।

ब्रेनका तीन भाग छन्– फोरब्रेन, मिडब्रेन र बिहाइन्डब्रेन। फोरब्रेनलाई सेरिब्रम र बिहाइन्डब्रेनलाई सेरिबैलम पनि भनिन्छ। यसमा मिडब्रेन त धेरै सानो हुन्छ तर सेरिब्रम र सेरिबैलम ठूला हुन्छन्। सेरिबैलम टोटल ब्रेनको केवल १० प्रतिशत भाग मात्र हो तर अचम्म यो छ कि शरीरका सम्पूर्ण स्नायु तन्त्रको आधाभन्दा बढी न्युरोनहरू यसैमा हुन्छन्। कसरी भयो यो सम्भव ? सेरिबैलमलाई हेरेर मात्र नै यो पत्ता सजिलै लाग्छ। जहाँ सेरिब्रमका जाइरस ठूलाठूला र मोटामोटा हुन्छन्, त्यहाँ सेरिबैलमको जाइरस मिहीन र अत्यधिक कम्प्याक्ट अर्थात् सानैमा अधिक अटाउन सक्ने हुन्छ। यसको तुलना ल्यापटप र मोबाइलसँग गर्न सकिन्छ। ल्यापटप सेरिब्रम हो भने मोबाइल सेरिबैलम हो। ल्यापटपमा त्यही कुरा ठूलो ठाउँमा फिट गरिन्छ भने मोबाइलमा त्यसैलाई सानै ठाउँमा फिट गरिन्छ। जुन जुन काम ल्यापटपले गर्छ, ती सबै काम मोबाइलले पनि गर्छ। तर यहाँ एउटा अन्तर छ, ल्यापटप र मोबाइललाई एकअर्कासँग कुनै लेनादेना छैन अथवा दुवै स्वतन्त्र हुन्छन्। तर यहाँ सेरिबैलमरूपी मोबाइल सेरिब्रमरूपी ल्यापटपको सहयोगी मात्र

मलाई लाग्छ कि पाठकबृन्दलाई यो रुचिकर लाग्दैन र बुझ्न सकिने कुरा कठिन हुनेछ किनभने खोइ कुन्नी टेलिकम वा बिजली विज्ञानको अध्ययनमा यस्ता न्युक्लियस अथवा प्वाइन्टहरू र तारहरूका नाम पढाइन्छ वा पढाइँदैन।

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


हो। सेरिबैलमविना सेरिब्रमको काम र सेरिब्रमविना सेरिबैलमको काम अपूरो हुन्छ। सेरिब्रमले जुन काम शुरू गर्छ, त्यसैको सुरताल मिलाउने काम सेरिबैलमले गर्छ। मतलब सेरिबैलमले कुनै कामको सुरुआत गर्दैन। परेवाको सेरिबैलम निकालियो। हिंड्ने काम सेरिब्रमले शुरू गरेको थियो, जुन जारी छ, परेवा हिंडिरह्यो। तर उसको हिंडाइको सुरताल मिलिरहेको थिएन र लडीबुडी खेलिरहेको थियो। मानौं, कुनै मानिसलाई समातेर तपाईंले सिढीमा चढाउँदै हुनुहुन्छ। त्यो मानिस सेरिब्रम हो र तपाईं सेरिबैलम।

ब्रेनका सम्पूर्ण मेमोरी २.५ पेटाबाइट अथवा १०२४ टेराबाइट अथवा २.५ मिलियन गिगाबाइटको हुन्छ। हिसाब गर्नुस्, यसको आधा सेरिबैलमको हिस्सामा आउँछ। यति परिचयपछि आउनुस्, सेरिबैलमको बनोट, केही कार्य र उसको सम्पादन विधिबारेमा जानौं। ब्रेन चानचुने संरचना होइन। त्यसैले आज सेरिबैलमको केवल बनोट मात्र हामी जान्नेछौं।

सेरिबैलमको बीचमा कीडाजस्तो एउटा संरचना हुन्छ, जसको नाम पनि कीडाको नामले भर्मिस नै हो। भर्मिसको दुवैतिर एकएकटा खाँचा अथवा लोब हुन्छ, जसलाई दायाँ र बायाँ सेरिबैलम हेमिस्फेयर भनिन्छ। सेरिब्रमभन्दा यो यस मानेमा फरक छ कि दुवै सेरिब्रल हेमिस्फेयरको बीचमा एउटा ठूलो ग्रुभ अथवा खाडल हुन्छ। जबकि यहाँ उठेको भाग भर्मिस हुन्छ। भर्मिसको अगाडि र माथिको भागलाई सुपेरियर र पछाडि तथा तलको भागलाई इन्फेरियर भर्मिस भनिन्छ। गडचौला हेर्नुभएको छ भने जसरी त्यसको जीउमा धेरै सेप्टा हुन्छ, त्यस्तै भर्मिसमा नौवटा भाग हुन्छन्। सुपेरियर भर्मिसमा लिन्गुला, सेन्ट्रल लोब, कलमेन, लोबुलस सिमप्लेक्स र डिक्लाइभ तथा इन्फेरियर भर्मिसमा क्रमशः ट्युबर, पिरामिड र नोडचुलस हुन्छन्। नोडचुलस दुवैतिर लामो भएर जान्छ, जसलाई फ्लोकुलस भनिन्छ र दुवैतिरको मिलाएर फ्लोकुलोनोडचुलर लोब भनिन्छ। जसरी फोक्सोलाई तीनवटा लोबमा बाँड्ने फिसर हुन्छ, त्यस्तै यहाँ पनि तीनवटा फिसर हुन्छन्– प्राइमरी फिसर, जुन कलमेन र लोबुलस सिमप्लेक्सको बीचमा, प्रिपिरामिडल फिसर जुन ट्युबर र पिरामिडको बीचमा र पोस्टिरोलैट्रल फिसर जुन युभुला र नोडचुलसको बीचमा हुन्छ।

अब आउनुस्, दायाँ र बायाँ मुख्य लोब अथवा हेमिस्फेयरमा। प्रत्येक हेमिस्फेयरमा दुईटा भाग हुन्छ। ठूलो भागलाई लोबुलस एन्सिफौर्मिस र सानो भाग जसलाई पारामेडियनस भनिन्छ।

अब आउनुस्, यसको पनि विभाजनमा। यो विभाजन तीन प्रकारले गरिन्छ। एनाटोमिकल, कार्यगत र विकासक्रमको





अनुसार। एनाटोमिकल रूपमा सेरिबैलमका तीन लोब हुन्छन् : एन्टेरियर लोब, पोस्टेरियर लोब र फ्लोकुलोनोडचुलर लोब। पहिलो लोबमा लिन्गुला, कलमेन र सेन्ट्रल लोब आउँछन्, जुन प्राइमरी फिसरले बाँकीबाट अलग हुन्छ। दोस्रोमा लोबुलस सिमप्लेक्स, डिक्लाइभ, टच्युबर पिरामिड, युभुला, पाराफोलिकुलस र हेमिस्फेयरको एन्सिफोर्मिस र पारामेडियनस आउँछन्। तेस्रोमा नोडचुलस र फ्लोकुलस आउँछन्, जुन बाँकी भागबाट पोस्टिरोलैट्रल फिसरले अलग हुन्छ। कार्यगत विभाजन अनुसार पनि सेरिबैलमका तीन भाग हुन्छन्– भेस्टिबुलोसेरिबैलम, स्पाइनोसेरिबैलम र कर्टिकोसेरिबैलम। पहिलोमा फ्लोकुलोनोडचुलर लोब आउँछ, जसले आर्किसेरिबैलम बनाउँछ। दोस्रोमा समावेश हुन्छ लिङ्गुला, सेन्ट्रल लोब, कलमेन, लोबुलस सिमप्लेक्स, डिक्लाइभ, टच्युबर, पिरामिड, युभुला, पाराफ्लोकुलसहरू, लोबुलस एन्सिफोर्मिस र पारामेडियनसका मेडियल भागहरू आउँछन्। यसमा युभुलालाई कतिपय फिजियोलोजिस्टले यसको भाग मान्दैनन्। तेस्रोमा लोबुलस एन्सिफोर्मिस र पारामेडियनसका लैट्रल भागहरू आउँछन्। विकासक्रमको अनुसार सेरिबैलमका दुई भाग हुन्छन्– पैलियोसेरिबैलम र नियोसेरिबैलम। पहिलो विकासक्रमको अनुसार पुराना भाग हुन्, जसमा आर्किसेरिबैलम र पैलियोसेरिबैलम प्रोपर भने दुई भाग हुन्छन्। यसको पनि पहिलो भागमा फ्लोकुलोनोडचुलर लोब आउँछ भने दोस्रोमा लिगुला, सेन्ट्रललोब, कलमेन, लोबुलस सिमप्लेक्स, युभुला, पिरामिड र पाराफोलिकुलसहरू आउँछन्। त्यस्तै, नियोसेरिबैलममा डिक्लाइभ, टच्युबर र हेमिस्फेयरको लोबुलस एन्सिफोर्मिस र लोबुलस मेडियनस आउँछन्।

फन्क्सनल एनाटोमीमा ग्रेमैटर, ह्वाइटमैटर र ग्रेमास गरी तीन अवयव हुन्छन्। ग्रेमैटर ब्रेनको अन्य भाग सरह सेरिबैलमको माथिल्लो भाग भयो। ह्वाइटमैटर बिजलीको तार जस्तो नर्भफाइबरहरूको एफरेन्ट र इफरेन्ट नर्भफाइबरहरूको जाल पनि अन्य सरह भित्री भाग हो। अब ग्रेमैटर मास भनेको यहाँ एउटा अलग्गै न्युक्लियसहरूको

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

तपाईंलाई जागृत पार्न सक्दैन। तपाईंले तपाईंभित्र भएको असीम ऊर्जालाई प्रयोग गर्न जान्नुपर्छ। यही ऊर्जाले तपाईंलाई आत्म उत्प्रेरणासम्म पुग्न मदत गर्नेछ। यही नै जीवनको खोज हो। जीवनको खोजीमा आफ्नो ऊर्जा लगाउनोस्। अरूको नक्कल गर्न र नकारात्मक काममा आफ्नो ऊर्जा खेर गइरहेकोमा जागृत भई त्यसको बहाव (धारा)लाई सकारात्मकतातिर मोड्नुस्। जीवनमा विचारधाराको महत्त्वपूर्ण भूमिका हुन्छ। विचार कहिल्यै मर्दैन। सकारात्मक विचारबाट नै आत्म उत्प्रेरणातिर जान मानिस उत्प्रेरित हुन्छ र आत्म उत्प्रेरणा प्राप्त गर्न समर्थ हुन्छ। हामीहरूको आत्मामा नै परमात्मा (भगवान्)को निवास छ। आत्म उत्प्रेरणाबाट नै परमात्माको अनुभव गर्न सकिन्छ। जीवनलाई सफल बनाउन सकिन्छ।

कसैले तपाईंको नराम्रो गर्न सक्छ, त्यो उसको कर्म हुन्छ, तर तपाईं कसैको नराम्रो नगर्नुस्, यो तपाईंको धर्म हुन्छ। जीवन हिमशिखरजस्तै हुन्छ। हिमशिखर सुन्दरता पनि हो, जोखिम पनि हो। हिमशिखरको जतिजति नजीक पुगिन्छ, त्यतित्यति सुन्दरता तथा जोखिम दुवै बढ्दै जान्छ। जीवन जागृतिका सात स्तम्भ हुन्– ज्ञान, विनम्रता, बुद्धि, साहस, राम्रो कर्म, साँचो बोल्नु, ईश्वरमा विश्वास राख्नु। सहज बोधलाई कहिल्यै पनि उपेक्षित गर्नुहुँदैन। यसले एक अवचेतन मनको शक्तिलाई प्रतिनिधित्व गर्छ।

जसले काँडाहरूलाई छिचोलेर फूल टिप्न सक्छ, फूल उसैको हुन्छ। जसले मृत्युलाई सहज स्वीकार गर्न सक्ने कला सिकेको हुन्छ, उसैलाई बाँच्ने असली अधिकार हुन्छ। किनकि अरू सधैंभरि मृत्युको डरले मृत्युमा नै बाँचिरहेका हुन्छन्।


काम गरिरहेको समयमा पनि हरि तथा गुरुलाई बिर्सनुहुँदैन। यसको अभ्यास गर्नुपर्छ। यदि हामीहरूले यसो गर्‍यौं भने साधनाको नाश गर्ने काम, क्रोध, लोभ, मोह जस्ता शत्रुहरू आउँदैनन्। खाली समयमा श्वासको माध्यमबाट 'ॐ आत्मने नमः' मन्त्र जप गर्नुपर्छ। खास काम छ भने मात्र चाहिने जति मात्र कुराकानी गर्नुपर्छ। विनाकामको निरर्थक कुराकानी कसैसँग गर्नुहुँदैन। थोरै बोल्नु, मीठो बोल्नु, कसैले गाली गर्‍यो भने पनि त्यो सहने शक्तिको विकास गर्नुपर्छ। आफूभन्दा ठूलाको गाली सहनु नै पर्दछ, त्योभन्दा पनि आफूभन्दा सानाको गाली सहन सकियो भने त्यसलाई बहादुर नै भन्नुपर्छ। यस्तो साधकलाई पक्का साधक भनिन्छ। यिनीहरूको साधना धेरै छिटोछिटो अगाडि बढ्छ। कसैलाई पनि दुःख लाग्ने वचन बोल्नुहुँदैन। बहुत विचार गरेर संयमतापूर्वक वाणीको प्रयोग गर्नुपर्छ।

सबैको आत्मामा भगवान् बस्नुहुन्छ। भक्त बन्नु छ भने सबैमा भगवान् देख्नुस्, कसैको पनि अपमान नगर्नुस्। कसैलाई दुःखी नबनाउनुस्। अरूलाई पीडा दिनु जस्तो पाप केही छैन।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियाको उत्पादक मूल्य उकालो लाग्दै


तस्वीर: प्रतीक

सियोल, ८ वैशाख/सिन्हुवा

दक्षिण कोरियाली आपूर्तिकर्ताहरूबीचको वस्तु तथा सेवाको मूल्य उच्च सेवा मूल्यका कारण लगातार तेस्रो महीना पनि बढेको छ। केन्द्रीय बैंकको तथ्याङ्कले शुक्रवार यस्तो प्रतिवेदन सार्वजनिक गरेको हो।

उत्पादक मूल्य सूचकाङ्क (पिपिआई) एक महीनाअघिको मार्चमा ०.१ प्रतिशतले बढेको थियो भने फेब्रुअरीमा ०.२ प्रतिशत र जनवरीमा ०.४ प्रतिशतले बढेको बैंक अफ कोरिया (बिओके)ले जनाएको छ।

कोभिड–१९ महामारीविरुद्ध विभिन्न किसिमका नियन्त्रणात्मक उपायहरू अपनाइएका कारणले भोजनालय र आवास सेवाका क्षेत्रमा उच्च मूल्यमा आपूर्तिकर्ताहरूबीचको सेवा मूल्य गत महीना ०.१ प्रतिशतले बढेको बैंकले जनाएको छ।

यसैगरी, महँगा खालका रासायनिक उत्पादनहरूमा औद्योगिक उत्पादनहरूको मूल्य ०.२ प्रतिशतले बढेको पनि बताइएको छ।

यद्यपि कृषि, पशुपालन र माछापालन उत्पादनहरूको मूल्य ०.९ प्रतिशतले घटेका छन्।

बिजुली, प्राकृतिक ग्याँस र धाराको पानीको उत्पादक मूल्य एक महीनाअघिको तुलनामा मार्चमा ०.४ प्रतिशतले घटेको पनि प्रतिवेदनले उल्लेख गरेको छ। रासस

## भारत सरकार सुडानबाट आफ्ना नागरिक फिर्ता लिन तम्तयार

नयाँ दिल्ली, ८ वैशाख/सिन्हुवा

भारत सरकारले द्वन्द्वग्रस्त सुडानमा रहेका भारतीयहरूको सुरक्षा र उनीहरूलाई बाहिर निकाल्ने वातावरण सुनिश्चित गर्न विभिन्न राष्ट्रहरू र संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरूसँग सम्पर्कमा रहेको विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले बिहीवार उल्लेख गरेका छन्। प्रवक्ताले हाल सुडानमा रहेका भारतीयहरू कति छन् भन्नेबारे स्पष्ट भनेनन्। बागचीले निकासी योजनाहरू परिस्थितिहरूमा निर्भर हुनेछ, जुन धेरै तनावपूर्ण रहन्छ भनेका छन्।

"खार्तुममा हाम्रो मिशन औपचारिक र अनौपचारिकसहित धेरै च्यानलमार्फत त्यहाँ भारतीय समुदायसँग सम्पर्कमा रहेको छ," प्रवक्ता बागचीले भने। रासस

## सुडान द्वन्द्व: युद्धविरामका लागि बढ्दो बाह्य दबाब

खार्तुम, ८ वैशाख/एएफपी

सुडानको राजधानी खार्तुममा गत शनिवारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करीब तीन सयजनाले ज्यान गुमाएपछि युद्धविरामका लागि अन्तर्राष्ट्रिय समुदायले कूटनीतिक दबाब बढाएको छ।

संयुक्त राष्ट्रसङ्घ, अमेरिकालगायत अन्य देशले मुस्लिम समुदायको चाड इद उल फित्रका अवसरमा तीन दिने युद्धविरामका लागि दबाब दिइरहेका छन्।

आरएसएफले मानवीय आधारमा ७२ घण्टाको युद्धविराममा सहमति जनाएको छ तर सेनाका तर्फबाट कुनै प्रतिक्रिया आएको छैन।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाट भएको युद्धविरामको आह्वानले अस्थायी युद्धविरामको आशा गरिएको छ। बेलायत, युरोपेली सङ्घ, रूस र चीनले पनि तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन्।

आज बिहानैदेखि युद्धविराम लागू गर्ने आरएसएफले बताएको छ तर राजधानी खार्तुममा गोली र विष्फोटका आवाज बन्द भएका छैनन्। यसअघि दुईपटक गरिएको युद्धविरामको प्रयास सफल हुन सकेन।

सुडानका सेनाप्रमुख अब्देल फताह अल बुरहान र उनका सहायक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बललाई सरकारी सेनामा समाहित गर्ने गत वर्ष बुरहान र डगालोबीचको सहमति कार्यान्वयन नहुँदा युद्ध चर्केको हो। सेनाप्रमुख बुरहानले आरएसएफसँगको वार्ताको सम्भावनालाई अस्वीकार गरेका छन्।

राष्ट्रसङ्घका अनुसार युद्धको विभीषिकाबाट बच्न करीब २० हजार सुडानी छिमेकी चाडतर्फ पलायन भएका छन्। यसरी आफ्नो थातथलो छाडेर भाग्नेमा महिला र बालबालिका छन्।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले द्वन्द्वरत दुवै पक्षलाई कम्तीमा आगामी आइतवारसम्म युद्धविराम गर्न आह्वान गरेका छन्। साथै उनले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मीको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेका छन्।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशिरलाई सत्ताच्युत गरेपछि बुरहान र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररूपको परिणाम अहिलेको द्वन्द्व हो।

सुडानमा नागरिक शासन कसरी पुनर्स्थापना गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुहारन समूहले लगाएको छ।

यसैबीच, करीब एक साताअघि देशमा द्वन्द्व शुरू भएपछिको पहिलो भाषणमा सेनाप्रमुख बुरहानले नागरिक नेतृत्वको सरकारका लागि आफू प्रतिबद्ध रहेको बताएका छन्। आफ्नो सेना विजयी हुने र त्यसले सुरक्षितरूपमा नागरिक शासन बहाली गराउने उनले वाचा पनि गरेका छन्।

सुडानी सेनाले आजै एक विज्ञप्ति निकालेर सेनाप्रमुख बुरहानलाई टर्की, दक्षिण सुडान तथा इथियोपियाली नेताका साथै अमेरिकी र कतारी विदेशमन्त्रीले फोन गरेका जनाएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – खर्चवृद्धि | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

### पानी र आहारको खोजी ...

सुनाखरी वन उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले निकुञ्जमा जङ्गली जनावर बढेको र डढेलोका कारण जनावरहरू सुरक्षित स्थानको खोजीमा मानवबस्ती प्रवेश गरेको बताए। साथै जङ्गलमा पानी नभएको तथा डढेलोका कारण हरियो घाँसपात पनि जलेका कारण आहारा र पानीको खोजीमा जनावरहरू बस्तीमा प्रवेश गर्न थालेको उनले बताए। वर्षा भएपछि जनावरहरू पुनः जङ्गल फर्किने उनको भनाइ छ।

### नेपालमा कर तिर्दैनन् ...

२०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ। सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो," राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबूकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ।"

**अरू देशको प्रावधान**

बङ्गलादेशमा नेशनल बोर्ड अफ रेभेन्यूले फेसबूक, गूगलजस्ता कम्पनीलाई दर्ता गरेर १५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन गर्दै आएको छ। त्यसका अतिरिक्त गैरबासिन्दालाई अनलाइन विज्ञापनबापत रकम भुक्तानी गर्दा १५ प्रतिशत टिडिएस लाग्ने व्यवस्था रहेको छ।

त्यस्तै, भारतमा पनि फेसबूकलगायत ठूला अनलाइन व्यवसाय दर्ता भई व्यवसाय सञ्चालन गर्दै आएका छन्। भारतमा अनलाइनबाट विज्ञापन गर्दा १८ प्रतिशत वस्तु तथा सेवा कर (जिएसटी) र आयकरका रूपमा दुई प्रतिशत टिडिएस लाग्दै आएको छ।

हालको अनौपचारिक माध्यमबाट नेपालमा दर्ता नभएका कम्पनी, गैरबासिन्दाबाट विज्ञापन गर्दा वा अनलाइन सेवा लिंदा ग्राहकले सम्बन्धित देशको कर तथा दश प्रतिशतको हाराहारीमा सेवा शुल्क भुक्तानी गर्दै आइरहेको राजस्व परामर्श समितिको प्रतिवेदनमा उल्लेख छ।

यस्ता कम्पनी नेपालमा दर्ता भएर विज्ञापन गर्दा अन्य देशको भन्दा सस्तो पर्ने र नेपालमा राजस्व पनि बढ्ने ठानिएको छ।

उदाहरणको लागि फेसबूकबाट विज्ञापन गर्दा कुन देशको ठेगानाबाट विज्ञापन गर्ने भनी छनोट गर्नुपर्दछ। मानौं भारत छनोट गरेमा फेसबूकबाट विज्ञापन गर्दा लाग्ने शुल्कमा १८ प्रतिशत जिएसटीसहितको रकम भुक्तानी गर्नुपर्दछ। अनौपचारिकरूपमा विज्ञापन गर्दा सो १८ प्रतिशतपछिको रकममा दश प्रतिशत सटही शुल्क तिरी विज्ञापन हुँदै आएको छ। यस्ता कम्पनी नेपालमा दर्ता भएर कानूनीरूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउन सके भारतबाट गर्ने विज्ञापनभन्दा नेपालबाट गर्ने विज्ञापन सस्तो पर्न जान्छ।

"नेपालको हकमा प्राकृतिक व्यक्तिलाई कार्ड जारी हुँदाकै अवस्थामा १५ प्रतिशत टिडिएसबापतको रकम सङ्कलन गर्ने र मूअक नलाग्ने व्यवस्था गरेमा यसतर्फ सेवाग्राही आकर्षित हुन सक्ने अनुमान गर्न सकिन्छ," राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "नेपालबाट गरेको आय रकममा १५ प्रतिशतका दरले मात्र कर सङ्कलन गर्न सके मात्र पनि रु नौ अर्बभन्दा बढी रकम सङ्कलन हुने देखिन्छ।"

राजस्व परामर्श समितिले नै 'आर्थिक वर्ष २०७९/८० को राजस्व नीति र कर सुधारसम्बन्धी प्रतिवेदन २०७९' मा डिजिटल सेवा दिइरहेका सामाजिक सञ्जाललगायत कम्पनीलाई करको दायरामा ल्याउन र अग्रिम कर कट्टी गरेर मात्रै कारोबार गर्ने व्यवस्था लागू गर्न सरकारलाई सुझाव दिएको थियो। "नेपालमा अनलाइन विज्ञापन गर्ने विदेशी प्लाटफर्मलाई आयकर विवरण बुझाउने व्यवस्था लागू गरी करको दायरमा ल्याउने वा अन्यथा भुक्तानीका बखत नै निश्चित प्रतिशतका दरले अग्रिम कर कट्टीका रूपमा राजस्व दाखिला गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।" उक्त प्रतिवेदनमा भनिएको छ।

### साहित्यप्रति ...

लकडाउनरूपी पिंजडामा सर्वसाधारणले आफूलाई बाहिर ल्याउने एउटा माध्यम साहित्य पाएको हो। यसैले कतिपयले साहित्यलाई आत्मप्रकाशन भन्ने गरेका छन्। आत्माको अभिव्यक्ति वा आत्माको स्वतन्त्र उडान वा विचारको अभिव्यक्ति लेखेर पनि गर्न सकिने अवस्थालाई अत्यन्त महत्त्वपूर्ण मानिएको पनि हो।

पछिल्लो समय विभिन्न ठाउँमा साहित्यिक महोत्सवहरू हुन थालेका छन्। साहित्यिक कार्यक्रमहरू भइरहेका छन्। कृतिहरू प्रकाशन भइरहेका छन्। पाठकहरूले कृति पढिरहेका छन् अर्थात् कृतिको बिक्री वितरण विस्तार भएको छ। पत्रपत्रिकाहरूले कृतिको समीक्षा निरन्तर प्रकाशन गरिरहेका छन्। साहित्यिक पत्रपत्रिकाले निरन्तरता पाइरहेको अवस्था छ। अन्य क्षेत्रमा कोरोनाको नकारात्मक प्रभाव देखिइरहँदा तुलनात्मकरूपमा साहित्यको क्षेत्रमा प्रभाव निकै कम देखिएको छ। कतिपयले त लकडाउनपछि साहित्य सिर्जनमा गतिशीलता मात्र होइन, स्तरीयतामा पनि वृद्धि भएको बताइरहेका छन्।

सबैभन्दा महत्त्वपूर्ण कुरो त अनेक किसिमका सञ्चार तथा सञ्जालमा साहित्यको पाठकमा वृद्धि हो। फेरि पनि पाठकमा वृद्धि हुँदा फाइदा चाहिं लेखकलाई हुन्छ। निस्सन्देह, साहित्यकार नै पाठक र साहित्यकार नै लेखक भन्ने अवस्था अहिलेको समयमा केही कम भएको छ। पहिले त साहित्यकारबाहेक अरूले साहित्यिक सामग्री पढिरहेको अवस्था नै थिएन भन्दा पनि हुन्छ तर अहिले भने पढ्ने तथा सुन्ने भएका छन्। यस अर्थमा साहित्यको पहुँचमा विस्तार भएको छ। पहुँचमा विस्तारका कारण नै उत्सव तथा महोत्सवहरू भइरहेका छन्, महोत्सवमा सहभागीको सङ्ख्या बढिरहेको छ र महोत्सव गर्ने क्रममा निकै विस्तार भएको छ। अहिले अन्य कुराको महोत्सव निकै कम भएको अवस्थामा साहित्यिक महोत्सवको भने विस्तार हुनुले साहित्यको महत्त्व बढेको भन्दा साहित्यप्रति रुचि बढेको र साहित्यको सञ्चारमा वृद्धि भएको मान्न सकिन्छ। साहित्यको सञ्चारले साहित्यको विस्तारमा वृद्धि गरिरहेको छ। उसो त पहिलेदेखि नै अखबारहरूले शनिवारको अङ्कलाई अलिकति साहित्यिक बनाउने अभियान गरिरहेकै छन्। अब अहिले लकडाउनपछिको दिनमा साहित्यका विषयवस्तुलाई विचार पृष्ठमा निरन्तरता दिने तथा अझ कतिपय अखबारले त अन्य दिनमा पनि साहित्यका विभिन्न खुराक पस्केर साहित्यका पाठक तथा लेखकलाई प्रोत्साहन गरिरहेका छन्।

लकडाउनपछिको समयलाई पनि दुई भागमा बाँडेर हेर्ने हो भने पहिलो वर्ष अधिकांश साहित्यमा कोरोनाको प्रभावबारे प्रकाश पारिएको पाइन्थ्यो। कोरोनाको परकम्प साहित्यमा देखिएको थियो। तर परकम्प कमजोर बन्दै जाँदा साहित्यको नियमित विषयवस्तुमा नवीनतासहित पस्किने क्रम चलेको छ। यही दोस्रो समयले भने साहित्यको विस्तारमा निकै सहयोगी भूमिका निर्वाह गरेको छ। साहित्यको विकासमा अहिले समाज अगाडि बढिरहँदा साहित्यकारहरूले प्रोत्साहन पाइरहेका छन्। साहित्यकारहरूले प्रोत्साहन पाउँदा फेरि पनि समाजमा सकारात्मक प्रभाव परिरहेको छ। यसैले त होला, लकडाउनपछि धेरै पुरस्कारको स्थापना भएको। अहिलेको समयमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म साहित्यको सिर्जनमा लागेको मात्र नभई साहित्यिक समूह नै बनाएर सक्रिय हुन थालेका छन्। अझ साहित्यको विस्तारको अर्को पाटो मातृभाषाहरूमा पनि सक्रियता बढेको छ र विभिन्न ठाउँमा बहुभाषिक साहित्यिक गोष्ठीहरू हुन थालेका छन्। बहुभाषिक गोष्ठीले एकातिर मातृभाषालाई प्रोत्साहन मिलिरहेको छ भने अर्कोतिर समाजका साहित्यलाई स्थापित गरिरहेको छ। समाजमा साहित्यलाई स्थापित गर्नमा साहित्यिक सञ्चारले ठूलो योगदान दिइरहेको यथार्थ हो।

### सेरिबैलम ...

सङ्ग्रह हो, जुन ह्वाइटमैटरको बीचबीचमा पनि छरिएका हुन्छन्। अतः सेरिबैलममा तीन कुरा भए, बाहिरी ग्रेमैटर, जो समान मोटाइका हुन्छन्, ह्वाइटमैटर र ग्रेमास। यसमा ग्रेमैटरलाई नै सेरिबैलर कार्टेक्स भनिन्छ। यसको तीन परत हुन्छः बाहिरी मोलिकुलर लेयर, बीचको इन्टरमेडियल वा परकिन्जी लेयर र भित्री ग्रेन्युलर लेयर। पहिलोलाई प्लेक्सिफर्म लेयर पनि भनिन्छ। यसमा सेलहरू दुई तहमा सजाइएका हुन्छन्: सुपेरियर स्टार जस्तो स्टिलेट सेल र इन्फेरियर बास्केट सेल। यसको अतिरिक्त यसमा समानान्तर फाइबर, जुन ग्रेन्युलर सेलका एक्सन हुन्छन् र एफेरेन्ट क्लाइम्बिङ फाइबरहरू तथा पर्किन्जी र गोल्जी सेलका डेन्ड्राइटहरू हुन्छन्। यस लेयरमा केही सेलजंक्सन वा सिनेप्सहरू हुन्छन् यथा स्टिलेटसेल र बास्केटसेलका डेन्ड्राइटका समानान्तर फाइबरहरूसँग स्टिलेटसेलका एक्सन र पर्किन्जी सेलका डेन्ड्राइटहरूसित तथा पर्किन्जी सेलका डेन्ड्राइटका समानान्तर र क्लाइम्बिङ फाइबरहरूसँग। अब पर्किन्जी लेयरको विवरणमा आउनुस्:

यो बीचको र पातलो तह हो। यसमा केवल एक तह हुन्छ, जसमा फ्लास्क आकारका सेलहरू हुन्छन्, जसलाई पर्किन्जी सेल भनिन्छ। यो शरीरमा सबैभन्दा ठूलो न्युरोन हो। यसका डेन्ड्राइटमाथि चढेर मोलिकुलर लेयरको समानान्तर र क्लाइम्बिङ लेयरमा खत्तम हुन्छ। बास्केट सेलका एक्सन मोलिकुलर लेयरबाट तल झर्छन् र पर्किन्जी लेयरमा गएर टुङ्गिन्छन्। पर्किन्जी सेलको एक्सन तल झरेर ह्वाइटमैटरमा जान्छन्, जुन सेरिबैलर र भेस्टिबुलर न्युक्लियसहरूमा समाप्त भई भेस्टिबुलोसेरिबेलर ट्रैक्टको निर्माण गर्छ। पर्किन्जी फाइबरलाई सेरिवेलरकार्टेक्सको फाइनल पाथ भनिन्छ किनभने अन्य सबै भागका इन्पुट यहीं भएर ब्रेनको अर्को भागमा जान्छन्।

अब बाँकी रह्यो ग्रेन्युलर लेयर। त्यसलाई पनि पढौं। यो ग्रेमैटरको सबैभन्दा भित्री तह हो, जो गोल्जी र ग्रेन्युलर सेलले बनेको हुन्छ। शरीरका सम्पूर्ण नर्भस सिस्टमका आधा इन्टरन्युरोन यही पाइन्छन्। ग्रेन्युलर सेलको एक्सनमाथि गएर समानान्तर फाइबरको निर्माण गर्छ, जुन पर्किन्जी सेल, स्टिलेट सेल, गोल्जी र बास्केट सेलसँग सिनेप्स अर्थात् जक्सन बनाउँछ। यी जक्सन अथवा सिनेप्टिक एरियालाई ग्लोमेरुलस भनिन्छ, जुन ग्लायल सेलहरूका प्रोजेक्सनले ढाकिएका हुन्छन्।

यति भनेपछि आजको व्याख्यान बन्द गरौं। ह्वाइटमैटरको वर्णन अर्को साता। २.५ मिलियन गिगाबाइट भएको ब्रेनको बनोट र कार्य बुझ्न अहिले यति मात्र सम्भव भएको हो। मलाई लाग्छ कि पाठकबृन्दलाई यो रुचिकर लाग्दैन र बुझ्न सकिने कुरा कठिन हुनेछ किनभने खोइ कुन्नी टेलिकम वा बिजली विज्ञानको अध्ययनमा यस्ता न्युक्लियस अथवा प्वाइन्टहरू र तारहरूका नाम पढाइन्छ वा पढाइँदैन। तर जीवविज्ञानमा पढाइन्छ। नाम याद नरहे पनि केवल काम र जिस्ट मात्र बुझ्न कोशिश गरियो भने मात्र पनि पुग्छ। प्रतीक परिवारलाई नयाँ वर्षको मुरीमुरी शुभकामना।

### शिक्षक ...

सुधारको परिकल्पना गर्न असम्भव छ। तसर्थ कार्यसम्पादन मूल्याङ्कनका लागि वैज्ञानिकता र पारदर्शिता अपनाउनुको विकल्प छैन। यससँगै मूल्याङ्कन गर्ने अधिकारीलाई कर्तव्यप्रति जवाफदेही बनाउने प्रयासले शिक्षक बढुवासम्बन्धी थुप्रै विकृतिको अन्त्य हुन सक्ने देखिन्छ।



मुस्लिम देश पाकिस्तान, अफगानिस्तान, साउदी अरब, दुबई, कतार, कुवेत आदिमा शुक्रवार इद पर्व मनाइयो भने नेपालमा शनिवार मनाइँदैछ । यसै क्रममा वीरगंजको मीनाबजारमा इदको लागि सेवई बिक्री गर्दै पसले । तस्वीर : नितेश कर्ण

# भाष्कर हर्बल उद्योगको विरुद्धमा मजदूरहरू

प्रस, परवानीपुर, ८ वैशाख/

भाष्कर हर्बल स्वीटी कल उद्योगमा मजदूरहरूले बबाल गरेका छन् ।

वीरगंज महानगरपालिका–३२ चोर्नीमा रहेको भाष्कर हर्बल स्वीटीकल उद्योगमा कार्यरत मजदूरहरूलाई हटाएकोमा विरोध भएको हो ।



उद्योगले फालेको फोहर देखाउँदै । तस्वीरः प्रतीक

उद्योगले कार्यरत मजदूरहरूलाई हटाएकोमा उनीहरूले विरोध गर्दै उद्योगका बारेमा आक्रोश व्यक्त गरेका छन् । मजदूरहरूले उद्योगले किवासती खोलालाई प्रदूषित पार्ने कार्य गरेको गुनासो गरेका छन् ।

पानी प्रशोधन केन्द्रको स्थापना नगरी उद्योगले फोहरलाई सीधैं खोलामा विसर्जन गर्दै आएको बताए ।

भाष्कर हर्बल स्वीटीकल उद्योगका साथै किवासती खोलासँगै रहेका एक दर्जन उद्योगबाट निस्कने फोहर सीधैं खोलामा विसर्जन हुने गरेको र उद्योगबाट निस्कने छाईले स्थानीयलाई समस्यामा पारेको बताएका छन् ।

एकजना मजदूरले किवासती खोला किनारमा उद्योगहरूले विसर्जन गर्ने छाईका कारण एकजना युवक रमेश यादवको हातखुट्टा पोलिएको बताए ।

# टेढा सेमरामा विद्यार्थी भर्ना अभियान

प्रस, पर्सागढी, ८ वैशाख/

वीरगंज महानगरपालिका–३२ स्थित मन मिश्रा आधारभूत विद्यालय टेढा सेमरामा शैक्षिक सत्र २०८० को लागि विद्यार्थी भर्ना अभियान शुरू गरिएको छ । अभियान अन्तर्गत शिक्षकहरू घरघरमा गएर अभिभावकसँग भेटघाट गर्नुका साथै विद्यालयबारे प्रतिक्रिया लिएका थिए । त्यस्तै, अभियान अन्तर्गत बीचमैं अध्ययन छाडेका विद्यार्थीहरूलाई पुनः भर्ना गर्न भनिएको थियो । शिक्षकहरूले अभियान अन्तर्गत विद्यार्थीलाई शान्त वातावरणमा अध्ययन गराइने, एउटै कक्षामा धेरै विद्यार्थी नराख्ने, सरकारी विद्यालयप्रति मानसिकता परिवर्तन गर्नुपर्नेलगायतबारे अभिभावकहरूलाई जानकारी गराएको प्रधानाध्यापक राजाराम साहले बताए । अभियानमा सूचना अधिकारी विक्रमप्रसाद पौडेललगायतको सहभागिता थियो ।




तस्वीरः प्रतीक



Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगितामा महानगर प्रथम

प्रस, वीरगंज, ८ वैशाख/



वीरगंजस्थित नारायणी रङ्गशालामा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता सम्पन्न भएको छ ।

हिजोदेखि सञ्चालन भएको प्रतियोगितामा आज एथलेटिक्स तथा कबड्डीमा महिला तथा पुरुषको खेल सम्पन्न भए । प्रतियोगितामा वीरगंज महानगरपालिका १६ वटा स्वर्ण, ठोरी गापा १० वटा स्वर्ण र बहुदरमाई गापा एउटा स्वर्ण ल्याइ क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

जिल्ला खेलकूद विकास समिति, पर्साको आयोजनामा विद्यालयस्तरदेखि गापा, नपा तथा महानगरपालिकाका टीमहरू सहभागी थिए । तेक्वान्दो प्रशिक्षक तथा जिल्ला खेलकूद विकास समिति, पर्साका कार्यालय प्रमुख विजय शाह ठकुरीको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि वीमनपाका उपप्रमुख इम्तियाज आलम, ठोरी गापाका शिक्षा तथा खेलकूद शाखा प्रमुख भुपाल जोशी, तेक्वान्दो प्रशिक्षक नाजिर हुसेन, एथलेटिक्सका मुख्य निर्णायक विश्वेश्वर पटेल, पाँचवटै स्थानीय तहका खेलाडी, प्रशिक्षकलगायतको सहभागिता थियो ।

प्रतियोगितामा प्रथम स्थान हासिल गरेको वीरगंज महानगरपालिकालाई नगद १५ हजार, दोस्रो ठोरी गापालाई १० हजार र तेस्रो बहुदरमाई नपालाई पाँच हजार नगदसहित शिल्ड, मेडल प्रदान गरिएको थियो ।

## जन र वियङ्कालाई स्वर्ण

काठमाडौं, ८ वैशाख/रासस

ललितपुरका सुजन गेडाल र एभिएम टेबलटेनिस क्लबकी वियङ्का राईले दोस्रो संस्करणको विविध खेलकूद प्रतियोगिता अन्तर्गत राष्ट्रिय जुनियर टेबलटेनिस प्रतियोगितामा स्वर्ण जितेका छन् । यू–१९ एकल विधाको छात्रमा सुजन तथा छात्रामा वियङ्काले स्वर्ण जितेका हुन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगिताको छात्रमा ललितपुरका विशाल गोले दोस्रो तथा मोरङका विश्व बानियाँ र स्टयाग च्याम्पियन्स टेबलटेनिस एकेडेमीका गनञ्जय दाहाल तेस्रो भए । छात्रामा एभिएमकी इभाना थापा तथा मोर्डन कलेजकी दिया देउला र सुनसरीकी अञ्जलीकुमारी ठाकुर तेस्रो बने ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा आयोजित उक्त प्रतियोगिताको यू–१५ छात्र एक विधामा सुनसरीका सिद्धार्थ तामाङ पहिलो, बुटवल टेबलटेनिस एकेडेमीका सौरव खड्का दोस्रो तथा एभिएमका एरिश शाक्य र गल्कोपाखा समाज सेवाका आर्यन शाही तेस्रो भए ।

सोही स्पर्धाको छात्रातर्फ स्टयागकी सुस्मिता खड्काले स्वर्ण, नेपाल प्रहरीकी शुभश्री श्रेष्ठले रजत तथा प्रभातकी करिना सुवाल र सुनसरीकी सुलेखाकुमारी ठाकुरले कांस्य जिते । चारै स्पर्धामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १५ हजार, १० हजार र आठ हजार नगद पुरस्कार हात पारे ।

विजेतालाई काठमाडौं महानगरपालिकको उपप्रमुख सुनीता डङ्गोल, अखिल नेपाल टेबलटेनिस सङ्घका अध्यक्ष चतुरानन्दराज वैद्य, प्रथम उपाध्यक्ष धर्ममान बज्राचार्य, आयोजक एकेडेमीका अध्यक्ष ध्रुव आचार्यलगायतले पुरस्कार प्रदान गरे । आयोजकका अनुसार तीन दिने प्रतियोगितामा १६० खेलाडी सहभागी थिए ।

यसै प्रतियोगिताबाट भारतको अरुणाचल प्रदेशमा हुने दक्षिण एशियाली टेबलटेनिस प्रतियोगिताका लागि १२ खेलाडी छनोट गरिने आयोजकले जनाएको छ ।

# विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण

प्रस, पोखरिया, ८ वैशाख/

'समन्वय, सहकार्य र सहअस्तित्व : वन्यजन्तु संरक्षण हाम्रो साझा दायित्व' नाराका साथ शुक्रवार २८औं वन्यजन्तु सप्ताहको अवसरमा विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।



तस्वीरः प्रतीक

निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिले तराई भूपरिधि कार्यक्रम अन्तर्गत कोहलपुर बाँकेको सहयोगमा मानव–वन्यजन्तु द्वन्द्वबाट प्रभावित २५ घरधुरीका ४० जना छात्रछात्रालाई शैक्षिक सामग्री ब्याग, कापी, कलम वितरण गरिएको थियो ।

कार्यक्रममा वडा नं २ का अध्यक्ष अमृतकृष्ण सापकोटा, चितवन राष्ट्रिय निकुञ्ज दीपानगर रेन्जपोस्टका रेन्जर योगेश ढकाल, गापा कार्यपालिका सदस्य ईश्वरी प्रजा, वडा सदस्य केशर भण्डारी, भगवती धिताल, सामुदायिक वन समूहका अध्यक्षहरूको अध्यक्ष सपिका मगरलगायतको सहभागिता थियो ।

## चटयाङबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

### चटयाङ पर्ने सम्भावना भएको बेला

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबारनजीक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तैः टिभी, कम्प्युटर, फ्रिज, वाशिङ मेशिन, मोबाइल फोननजीक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बजार विस्तारबारे अन्तर्क्रिया



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ८ वैशाख/

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा पटेर्वासुगौली गाउँपालिका–२ मा 'औद्योगिक लगानी पूर्वाधार : समृद्धिको बलियो आधार' नाराका साथ बजार विस्तार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा वडाध्यक्ष विजय गैरेले रु पाँच लाखसम्म पूँजी भएका उद्योगहरूको दर्ता स्थानीय सरकारले गर्न सक्ने बताए ।

उनले यसको लागि कार्यविधि हुनुपर्ने र गाउँपालिकाकाले कार्यविधि बनाउने बताए ।

कार्यक्रममा घरेलुका प्रमुख धनञ्जयकुमार सिंह, लेखाप्रमुख प्रद्युम्न प्रसाद, उद्यम विकास सहजकर्ता आशिष यादव, शिक्षक, व्यापारी, विद्यार्थी, राजनीतिक दलका पदाधिकारीलगायतको सहभागिता थियो ।



**वीरगंजमा जिराफ**ः वीरगंज महानगर–१५ लक्ष्मणवाको प्रतिमाचोकमा राजा वीरेन्द्रको सालिकनजीकै स्थापित जिराफको प्रतिमा । तस्वीरः सतीश महर्जन